# परिच्छेद : एक

## परिचय

### १.१ अध्यनको पृष्ठभूमि

मानव सभ्यताको विकाससँगै मानविय आवश्यक्ताहरु तीब्र रुपमा बढदै गए । आवश्यक्ताहरु परिपूर्ति गर्ने क्रममा मानिसलाई शिक्षाको आवश्यक्ता महसुस भयो र जानी नजानी एकअर्कोलाई सिकाउने क्रममा अनौपचारिक शिक्षाको सुरुवात भएको हो । अनौपचारिकरुपमा सुरुभएको शिक्षा आज विज्ञान प्रविधि तथा सुचनाको युगमा आईपुग्दा शिक्षाले धेरै प्रकारको आरोहअवरोह र उत्तारचढाप पार गरि सकेको छ ।

गुरुकुल शिक्षादेखि हालको बैज्ञानिक शिक्षासम्म आइपुग्दा सामुदायिक विद्यालयमा विद्यार्थीहरुको आकर्षण तीब्ररुपमा घटेको दखिन्छ । विशेषगरी सामुदायिक विद्यालयको प्राथमिक तहमा बालबालिकाहरु विद्यालय जान चाहदैनन् गएमा पनि पूर्ण समय विद्यालयमा बस्न सक्दैनन् । सामुदायिक विद्यालयको शिक्षकहरुको तथ्याङक अनुसार अधिकांश शिक्षकहरु तालिम प्राप्त छन् । तर शिक्षकहरुले प्राप्त गरेका ज्ञान शीप, विधि र कला कक्षाकोठामा प्रयोग भएको छैन जसको कारण सानासाना बालबालिकाहरुमा विद्यालयप्रति विकर्षण बढेको हो ।

बालबालिकाहरुलाई विद्यालयमा आकर्षण बढाई शिक्षण सिकाई प्रभावकारी बनाउने बिधिहरुमध्ये एउटा महत्वपूर्ण बिधि हो दण्डरहित तथा बालमैत्री सिकाइ । बालबालिकाहरु घरपरिवारमा आफुभन्दा ठुलाहरुको मायाममतामा वसेका हुनाले विद्यालयमा पनि घरमा झै मायाममता चाहन्छन, रमाइलो वातावरण चाहन्छन, खेल्नबढी रुचाउछन, र प्राथमिक तह सम्मको शिक्षण सिकाइ वास्तवमा बच्चाहरुले खेल्दा खेल्दै सिक्नु पर्दछ जवरजस्त र दण्डको भरमा सिकाई हुनहुदैन । बालबालिकाहरुले आफुलेगर्न चाहेका क्रियाकलापहरु निर्धक्कसाथ गर्न पाउदा विभिन्न प्रक्रियाबाट भुलिन पाउदा विद्यालयमा रमाउन पाउदा सिक्नको लागि आफैं तयार हुन्छन र थाहै नपाइकन धेरै कुराहरु सिकी रहेका हुन्छन् । त्यसैले कुनैपनि विद्यालयमा बिशेषगरी प्राथमिक तहमा दण्डरहित तथा बालमैत्री सिकाई हुन जरुरी रहेको छ ।

उल्लेखित तथ्यको आधारमा नेपालमा दण्डरहित बालमैत्री सिकाई को अवस्था कस्तो छ ? बालमैत्री सिकाई हुन नसक्नुको कारण के के हुन् ? बालमैत्री सिकाईले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पार्नसक्छ? बालमैत्री सिकाई हुन जरुरी छ वा

छैन?भन्ने प्रश्नहरुमा  निश्कर्षमा पुग्नको लागि  यस अध्यनले महत्वपूर्ण भुमिका निर्बाह गर्ने छ ।

## १.२  समस्याको कथन

विद्यार्थीहरुको विद्यालयमा नियमितता, राम्रो शैक्षिक उपलब्धि, उच्च गुणस्तर हुनुमा विभिन्न तत्वहरुले प्रभाव पारीरहेको हुन्छ । सर्वप्रथम प्रा.वि. तहमा बालबालिकालाई विद्यालयमा आकर्षण गर्नु सवैभन्दा महत्वपूर्ण पक्ष हो ।

बालबालिकाहरु विद्यालयमा पूर्णसमय विना हिचाकिचावट बस्न सक्नुपर्छ । विद्यालयको वातावरणले बालबालिकालाई दैनिक विद्यालयमा जान उत्प्रेरीत गरीनु पर्दछ । बालबालिकाको विद्यालयमा नियमितता बढ्नासाथ शैक्षिक उपलब्धि बढ्न सक्छ । सानासाना बालबालिकालाई विद्यालयमा आकर्षण गर्न एउटा महत्वपूर्ण र प्रभावकारी विधि हो दण्डरहित तथा बालमैत्री सिकाई प्रक्रियाको अवलम्वन बिना बालबालिकालाई विद्यालयमा आकर्षण गर्न नसकिने र बालबालिकाको नियमितता विना सिकाई उपलब्धि सम्भव नहुने भएकोले नेपालमा वर्तमान समयमा बालमैत्री सिकाईको अवस्था भुमिकाबारे अध्ययनगरी सामान्यीकरण गर्न यस अध्ययनले सहयोग गर्ने छ ।

## १.३ अध्ययनको औचित्य

वर्तमान समयमा नेपालको शैक्षिक अवस्थालाई नियाल्दा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि प्रति जतातते गम्भिर प्रकारको प्रश्न उठेको देखिन्छ । वास्तवमा तुलनात्मक रुपमा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर ह्रास हुँदै गएको एतार्थ लुकाउन सकिदैन । विशेषगरी सामुदायिक विद्यालयको प्राथमिक तहको शिक्षणसिकाईमा चरम लापारवाही भएको देखिन्छ । नेपालका शिक्षकहरु अधिकांश तालिमप्राप्त भएता पनि तालिममा हाशिल भएका ज्ञान, सीप र कला कक्षाकोठामा प्रयोग भएको देखिदैन जसले गर्दा सामुदायिक विद्यालयप्रति बालबालिका, अभिभावक तथा सवै सरोकारवालाहरुको वितृष्णा बढी रहेको छ । बालबालिकाहरु विभिन्न जातजाति, भाषा, लिंग, धर्म सम्प्रदाय, आर्थिक अवस्थाबाट समावेश हुने भएकाले उनीहरुको मनोविज्ञान अनुसार शिक्षणसिकाई हुनु पर्दछ । बालबालिकाहरु अत्यन्तै खुशिमुद्रामा सिक्नकोलागि तयार हुनुपर्ने भएकोले शिक्षण बालमैत्री हुनुपर्दछ त्यसैले नेपालका ग्रामिण भेगका विद्यालयमा खासगरी प्रावि. तहमा बालमैत्री सिकाईको अवस्था कस्तो छ ? जसले शिक्षणसिकाई उपलब्धिमा कस्तो प्रभाव पारीरहेको छ

भन्ने विषयमा गरीने यस अध्ययनले शिक्षण सिकाई उपलब्धिको विकासमा औचित्यपूर्ण हुनेछ ।

### १.४ उद्देश्यहरु

१. सामुदायिक विद्यालयमा बालमैत्रीसिकाइको अवस्था पत्ता लगाउन ।

२. बालबालिकाको विद्यालयमा उपस्थिति कमजोर हुनुको कारण पत्ता लगाउन ।

३. दण्ड दिनुका कारणहरु पत्ता लगाउन ।

४. दण्डका असरहरु पत्ता लगाउन ।

५. दण्डसजाय बिना शिक्षण सिकाई गर्ने उपायहरुको खोजि गर्न ।

६. बालमैत्री तथा दण्डरहित शिक्षणसिकाईले बालबालिकामा पार्ने प्रभावबारे अध्यन गर्न ।

### १.५ अनुसन्धानात्मक प्रश्नहरु

सिन्धुली जिल्लाको रानीवास गा.वि.स.मा रहेका विद्यालयमा दण्डरहित तथा बालमैत्री सिकाइको अवस्था सम्बन्धी अध्ययन पूरा गर्नको लागि मुख्य स्रोत शिक्षक, विद्यार्थी तथा वि.व्य.स. लाई निम्न प्रश्नहरुको प्रयोग गरिएको छ ।

१. सामुदायिक विद्यालयमाबालमैत्री सिकाईको अवस्था कस्तो छ ?

२. सिकाई उपलब्धि न्युन हुनका कारणहरु के के हुन?

३. बालमैत्री सिकाईले शिक्षण सिकाईमा कस्तो प्रभाव पार्न सक्छ ?

४. विद्यालयको भवन तथा कक्षाकोठा बालमैत्री छ वा छैन ?

५. दण्डले बालबालिकामा कस्तो असर गर्दछ ?

६. बालमैत्री सिकाइमा शिक्षक, अभिभावक, विद्यार्थीको भुमिका कस्तो हुन्छ ?

७. बालमैत्री तथा दण्डरहित शिक्षण कसरी गर्न सकिन्छ ?

### १.६ परिसीमा

यो अध्ययन शिक्षण सिकाइमा प्रभाव पार्ने तत्वमध्ये बालमैत्री सिकाइसँग केन्द्रित रही गरिएको छ । यो अध्ययन सिन्धुली जिल्लाको रानीवास गा.वि.स.मा अवस्थित चारवटा सामुदायिक विद्यालय श्री प्रभात उ.मा.बि. माथिल्लो रानीबास, श्री जनता उ.मा.बि. चन्दनपुर, श्री जनज्योति नि.मा.वि. काउछे र श्री प्रा.बि. खोरियामा गरिएको छ । यस अध्ययनको लागि छनौट भएका विद्याचलयहरुका प्रा.वि. तहलाई मात्र समावेश गरिएको छ । यस अध्ययनले देशका सवै विद्यालयको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

# परिच्छेद : दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन

सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा यस परिच्छेदका दण्ड रहित शिक्षण सिकाइ सम्वन्धित देखा परेका समस्याहरुको समाधानको लागि उत्तम विकल्पहरुको खोजि गर्न एवम् यस शिर्षक सम्वन्धित विभिन्न प्राप्त विभिन्न श्रोतहरुका धारणा प्राप्त गर्नको यस अध्ययन सँग सम्वन्धित लेख रचना तथा साहित्यको पुनरावलोकन गर्ने कार्य गरिएको छ । साथै सैद्धान्तिक ढाँचा भित्र रहेर यो अध्ययनलाई पूर्णता दिने विषयमा यहाँ चर्चा गरिएको छ ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई पूर्णता दिने क्रममा विद्यालयहरुमा वालमैत्री शिक्षण सिकाइ वा दण्ड रहित शिक्षण सिकाइ सम्वन्धित पर्याप्त लेख रचना तथा दस्तावेजहरु प्राप्त हुन सकेन । यहाँ जति यस अध्ययन सँग सम्वन्धित लेख रचनाहरु तथा शैक्षिक दस्तावेजहरु प्राप्त भएका छन् तिनीहरुको समिक्षात्मक अध्ययनलाई अनुसन्धान कार्य गरिएको छ ।

विद्यालयलाई वालवालिकाहरुले आफ्नो अधिकार उपभोग गर्ने आफ्नो विचार भावनालाई स्वतन्त्रतापूर्वक व्यक्त गर्ने, आफ्नो जीवनको वारेमा आफैले निर्णय गर्ने थलो हो भन्ने कुरा धेरै कम व्यक्तिहरुले मात्र सोचेका हुन्छन्  विद्यालयको सिकाइ प्रक्रियामा अधिकार र रमाइलो भन्ने कुरा शायद कम मात्र हुन्छ की जस्तो सोच्दछन् । धेरै जसोले सिकाइ प्रक्रियालाई रमाइलो वातावरण भन्दा पनि केवल अनुशासित मात्र वन्न पर्छकि भन्ने सोच्छन् । तर यी कुरा ठीक होइनन् र वालवालिकाहरुले रमाइलो वातावरणमा झन वढि सिक्छन् भन्ने कुरा सिकाइ सम्वन्धित गरेका धेरै अनुसन्धानहरुबाट स्पष्ट भइ सकेको छ । त्यसैले विद्यालयलाई लेखपढ र हिसाव गर्न सक्ने, आफ्नो विचार र भावना व्यक्त गर्न सक्ने, मनपरेको काम गर्न पाउने, सामाजिक मूल्य मान्यता र संस्कृति जान्ने जीवन निर्वाहको निम्ति आवश्यक शीप र ज्ञान आर्जन गर्न पाउने र सामाजिकीरण गर्ने अवसर प्राप्त हुने थलोको रुपमा विकास गर्नु पर्दछ  (बालमैत्री बिद्यालय तालिम श्रोत सामग्री पुस्तिका, २०६९) ।

विद्यालयलाई वालवाललिकाको चौतफी विकास गर्ने थलोको रुपमा परिभाषित गरिएता पनि हाम्रा विद्यालयमा सो अनुसारको शैक्षिक वातावरण कायम हुन सकेको छैन । तालिम पुस्तिकामा विद्यालयमा वाल अधिकार पूर्ण प्रत्याभूति गराई रमाइलो वातावरणमा शिक्षण सिकाइ गर्नका लागि शिक्षण लाई प्रशिक्षित गराउने अवधारणा समावेश गरिएको पाइयो । यस पुस्तिकाले जुन उद्देश्यका साथ तयार गरिएको हो सो अनुसार कक्षाकोठामा कार्यान्वयन गर्न सकेमा विद्यालयमा वाल अधिकार सहित दण्ड रहित शिक्षण सिकाइको केहि हदसम्म प्रत्याभूति हुन सक्ने देखिन्छ ।

धारा : २९ - शिक्षा वालवालिकाको व्यक्तित्व र वौद्धिक क्षमताले विकास तर्फ निर्देशित हुनुपर्ने ।

धारा : २८ - शिक्षा प्राप्त गर्ने वालवालिकाको अधिकार र कम्तिमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउनुपर्ने राज्यको दायित्व ।

धारा : ३७ - यातना , त्रसित व्यवहार वा सजाय, मृत्यु दण्ड आजीवन कारावास गैरकानुनी गिरफ्तारी तथा स्वतन्त्रतको अपहरणमा प्रतिवन्ध ।

धारा : १८ - आफ्नो वालवालिकाको लालनपालनमा वावुआमा दुवै संयुक्त दायित्व र जिम्मेवारी हुने (बालअधिकारसम्बन्धि महासन्धि, १९८९) ।

बालअधिकार सम्वन्धित महासन्धि (सन् १९८९) लाई अध्ययन गर्दा वालवालिकालाई विद्यालयमा मात्र होइन उनीहरुको संलग्नता रहने हरेक क्षेत्रमा सम्मान, उचित, स्याहार पूर्ण अधिकारको ग्यारेण्टी गरिनुपर्ने देखिन्छ । यस महासन्धि उल्लेखित ५४ वटा धाराहरु मध्ये धारा : २८ र २९ मा शिक्षा सम्वन्धि अधिकार तोकिएको छ जसलाई अध्ययन गर्दा कुनै प्रंकारको तनाव र वोक्ष विना शिक्षा चौतफी विकास तर्फ निर्देशित हुनुपर्ने देखिन्छ ।

एस.एस.आर (२०६७) बालमैत्री विद्यालय भनेको त्यस्तो विद्यालय हो जहाँ वालवालिकाहरुलाई पढ्न, लेख्न, हिसाव सिक्न, सामाजिक मूल्य मान्यता र संस्कृति जान्न, बुझ्न, जीवन निर्वाहको निम्ति आवश्यक सीप र ज्ञान आर्जन गर्न, सामाजिकीकरण गर्न अवसर उपलब्ध हुन्छ । साथै बालमैत्रीविद्यालयमा वालअधिकार लाई उच्चतम् मान्यता र सम्मान गर्दै वालवालिकाहरुलाई रमाईलो, आनन्दमय वातावरणमा सिक्ने, आफ्नो भावना र विचार स्वतन्त्रपूर्वक व्यक्त गर्न पाउने, आफ्नो जीवनको निर्णय आफैले गर्ने, ठिक वेठिक

आफैले छुट्याउने, समुदायमा सहयोगको भावना विकास गर्ने, आत्म विश्वास जगाउने, आत्मविश्वासको भावना विकास गर्ने अवसर दिइन्छ (विद्यालय क्षेत्रसुधार कार्यक्रम, २०६७)।

विद्यालयमा बालमैत्री शिक्षण सिकाइलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षकहरुलाई प्रशिक्षित गराउने उद्देश्यले तयार गरिएको यस तालिमा पुस्तिकाको अध्ययन गर्दा वालवालिकाले विद्यालयमा हाँस खेल र आनन्दको वातावरणमा सिक्न पाउनु पर्ने, विद्यालयमा सवै प्रकारको त्रास, भय, दण्ड तथा सजाय निर्मुल गरिनुपर्ने, समग्रमा स्वएम विद्यालय नै बालमैत्री र दण्डरहित हुनुपर्ने मान्यता बोकेको छ ।

वालवालिकालाई विद्यालयमा टिकाई राख्न र गुणस्तरिय शिक्षण सिकाइमा संलग्न गराउनको लागि बालमैत्री विद्यालय भवन तथा वातावरण, चित्ताकर्षक पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामाग्रीहरुमात्र आवश्यक नभई वालवालिकाको अन्तरङ्ग भावनालाई गहिरो रुपमा अध्ययन गर्न सक्षम शिक्षकको पेसाप्रति समर्पित र प्रतिवद्ध भावना पनि उतिकै आवश्यक हुन्छ । विद्यार्थीले स्वस्फुर्त रुपमा अध्ययन अध्यापनलाई अंगिकार गर्न र आनन्दको रुपमा लिन शिक्षकको व्यवहारले गहनतम भूमिका निर्वाह गरेको हुन्छ ।

शिक्षकको प्रन्येक क्रियाकलाप बोली, निर्देशन, दिइने स्यावासी र विद्यार्थीप्रति प्रदर्शित गरिने हाउभाउले गहनतम सन्देश बोकेको हुन्छ । शिक्षकको नकारात्मक प्रस्तुतिबाट विद्यार्थीहरुमा अध्ययनप्रति निरुत्साह संचार हुन्छ भने सकारात्मक सकारात्मक अभिव्यक्तिबाट विद्यर्थीलाई अध्ययन तथा सिकाइ प्रति हौसला एवम् उर्जा प्राप्त गर्न पद्दत गर्दछ । दण्डको माध्यमले होईन पुरस्कारको माध्यमले निष्ठुर र कडा रुपमा प्रस्तुति नभई सरल र वालमनोविज्ञानका सिद्धान्तलाई अधार बनाई शिक्षण सिकाइ संचालन गर्दा वीचैमा विद्यालय नछोडी धेरै भन्दा धेरै विद्यार्थीहरु तह पुरा गर्न उत्साहित र सक्षम हुन्छन ।

विद्यालयमा वालवालिकाहरुलाई आकर्षित गराउनको लागि गुणस्तरीय शिक्षण सिकाइमा सम्लग्न गराउनको लागि गुणस्तरीय शिक्षक सिकाउन संलग्न गराउनको लागि बालमैत्री तथा दण्डरहित शिक्षण सिकाइको महत्वपुर्ण भुमिका रहेको कुरा यस लेखबाठ स्पष्ट हुन्छ तर सम्बन्धित निकायवाट नीतिगत रुपमा कार्यक्रमहरु अघि सारे

तापनि व्यवहार रुपमा बालमैत्री तथा दण्डरहित शिक्षण सिकाइको अवस्थावारे प्रभावकारी अनुगमन हुन नसक्दा कार्यक्रमले मूर्त रुप लिन सकेको छैन (अवस्थी, २०६७) ।

गुणस्तरीय शिक्षाको लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ नेपालको विद्यालय शिक्षामा पहुँच तथा गुणस्तरीयता सुनिश्चित गर्न प्रत्यक्ष वा परोक्ष रूपमा विभिन्न प्रयासहरू भई आएका छन्, तथापि हालसम्म यसका मूलभूत मापदण्ड के के हुन त भन्ने विषय अन्योल नै छ । यद्यपि गुणस्तरीय शिक्षा आफैमा सापेक्षित र अमूर्त विषय हो, तथापि विद्यालय शिक्षाको आधुनिक मान्यता अनुसार बालकालिकालाई सम्पूर्ण शैक्षिक कार्यको केन्द्र विन्दु मानी उनीहरूको शारीरिक, मानसिक, बौद्धिक, तथा संवेगात्मक विकासमा कही कतैबाट ठेस नपुर्‍याई बालमैत्री वातारणमा सिक्न पाउने अवस्थाको सुनिश्चितता गर्नु गुणस्तरीय शिक्षाका लागि गरिने आधारभूत कार्य हो । यसै तथ्यलाई मूर्तरूप दिन शिक्षा विभाग तथा शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्थाहरुको सहकार्यमा बालमैत्री विद्यालय सम्बन्धी प्रारूप तयार परिएको छ ।

नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा बिभागबाट प्रकाशन भएको यो दस्तावेजले आधुनिक युगमा गुणस्तरिय शिक्षाको उत्तम उपाय बालमैत्री शिक्षण सिकाइ नै हो जसद्वारा बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक तथा बिकासमा कहि कतैबाट ठेस नपुर्‍याई सिकाइ वातावरणको सुनिश्चित गर्न सकिन्छ भन्ने कुरा प्रष्ट पारिएको छ ।

बालमैत्री शिक्षणका लागि हात्ते पुस्तिका(२०६६) विद्यालयमा बालमैत्रीशिक्षण सिकाइको अभ्यास वढाउने उदेश्यले शैक्षिक जनशक्ति विकास केन्द्रले “बालमैत्री विद्यालयको सेरोफेरो, स्रोत सामग्री २०६८ नामको पुस्तिका प्रकाशन गरेको छ । पुस्तिकाको पहिलो एकाइमा बालमैत्री विद्यालयको अवधारणा, त्यस्ता विद्यालयमा हुनुपर्ने विशेषता परम्परागत ढाँचाका विद्यालयलाई बालमैत्री विद्यालयमा रुपान्तरण गर्ने तरीका, बालमैत्री कक्षा व्यवस्थापनका विधि जस्ता उपयोगी सामग्रीहरु समेटिएको छन् ।

पुस्तिकाको दोस्रो एकाइमा वालवालिकालाई दिइनुपर्ने शान्ति, मानवअधिकार र नागरिक शिक्षाको अवधारणा, क्रियाकलाप तथा महत्ववारे चर्चा गरिएको छ । साथै तस्रो

एकाइमा नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयका बालमैत्री शिक्षण सिकाइका तरीकालाई उदाहरण सहित दिइएको छ । तत्काललाई शैक्षिक तालिम केन्द्र, जिल्ला शिक्षा कार्यालय र सवै स्रोतकेन्द्रमा यो पुस्तक पुऱ्याइने जानकारी केन्द्रका कार्यकारी निर्देशक लक्ष्मी राम पौडेलले दिएका छन् (शैक्षिक जनशक्ति विकास केन्द्र, २०६७) ।

एक सत्र-शिक्षकको पेशागत विकासका निमित्त वालवालिकाहरुको सिकाइ सैली र सिकाइ वातावरणवारे जानकारी हुन जरुरी हुन्छ । प्रभावकारी सिकाइका निमित्त सिकाइ वातावरणलाई कसरी दण्ड रहित तथा बालमैत्री बनाउने भन्ने विषयमा थप जानकारी दिने उदेश्यले यो सत्र शिक्षकहरुको माग वोमोजिम नै तयार गरी तालिम लालिम कक्षामा प्रस्तुत गर्ने प्रयास गरिएको छ । यस सत्रको अन्त्यमा सहभागीहरु निम्नलिखित कुरामा सक्षम हुने छन् बालमैत्री सिकाइ वातावरणको अवधारणावारे व्याख्या गर्न, बालमैत्री सिकाइ वातावरणको लागि आवश्यक पुर्वाधारहरुको सुचि वनाउन, बालमैत्री सिकाइ वातावरणको सन्दर्भमा आफ्नो विद्यालयको अवस्था वारे स्व मूल्याङ्कन गर्न, कक्षाकोठामा बालमैत्री सिकाइ वातावरण तयार गर्न, दण्डरहित तथा बालमैत्री शिक्षण सिकाइको लागि नेपाल सरकारले विभिन्न माध्यमवाट प्रयासहरु गर्दै आएको छ (शिक्षकका पेशागत विकास कार्यान्वयन पुस्तिका, २०६६) ।

दण्डरहित शिक्षण सिकाइ पद्धतिको विकासको लागि वालवालिकाको पृथकपृथक प्रतिभाहरुलाई मनोवैज्ञानिक रुपमा पहिचान गरी मनेवैज्ञानिक रुपमा नै शिक्षण सिकाइ कार्यमा सम्लग्न गराउन सर्वप्रथम सिक्षकहरु नै तालिम प्राप्त हुनुपर्ने यथार्तलाई हृदयंगम गरि शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिकामा एक सत्र बालमैत्री शिक्षण सिकाइ वातावरणसम्वन्धि सामग्री तयार गरिकोछ ।यस कार्यक्रमले पनि दण्डरहित तथा बालमैत्री विद्यालयीय वातावरणको जरुरी भएको कुरा उल्लेख गरेको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(४) र २५ (९) को भावना नेपालले अन्तराष्ट्रिय जगतमा गरेको प्रतिवद्धताले सिर्जित गरेको कानुनी दायित्व , विश्वब्यापी रुपमा आइरहेको वालवालिकाको उपर गरिने शारीरिक सजाय वा यातना विरुद्धको अभियान, वालवालिकाको समग्रमा व्यक्तित्व विकास गर्न राज्यको वातावरण सृजना

गरि दिनु पर्ने दायित्व समेतको आधारमा वालवालिका सम्वनिध ऐन, २०४८ को दफा ७ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख वुवा आमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले वालक हितको लागि हप्काएको वा सामान्य पिटाइ गरेको यस दफाको उलंघन गरिएको मानिने छैन भनी गरेको प्रावधान मध्ये वा सामान्य पिटाइ गरेको अंश अनुचित एवम् नेपाल अधिराज्यको संविधान २०४७ एवमं नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ (४) र २५ (८) को भावना प्रतिकुल हुँदा सो अंश आजका मिति देखि लागु हुने गरी समावेश गरिएकोछ (नेपाल अधिराज्यको संविधान, २०४७) ।

कृष्ण मूर्ति, २०६६ ले त्रास र भययुक्त वातावरणमा रहेर मानिस सिर्जनशील हुनै सक्दैन वालवालिकाको हकमा त त्यस्तो वातावरणले मानसिक विकास समेत असर गर्ने कुरा मनोवैज्ञानिकहरुले धेरै वर्ष अधि पुष्टि गरिसकेका छन् । त्यसैले आफ्नो विद्यार्थीलाई सिर्जनशिल हुन दिने हो भने स्कूल र शिक्षकले विद्यार्थी को मन मस्तिष्कबाट भय र त्रास हटाई दिनु पर्दछ । सिर्जनशीलता कसरी बढाउन भन्ने व्याख्या गरिएका पुस्तकहरुमा एउटा कुरा नछुटाइ लेखिएको हुन्छ । अरुले भन्दा भिन्न र मौलिक तरिकाले सोच । जसरी नै तिमीहरुसँग अरु मानिसहरुको भन्दा भिन्न र मौलिक विचार र सोच्ने तरिका फरक छ । आफ्नो तरीकाले सोच नयाँ नयाँ आइडियाहरु ल्याउ । विद्यार्थीका नयाँ नयाँ सोच, कल्पना र क्रियाकलापहरुलाई स्कुलले स्वागत गर्ने र त्यसलाई राम्रो मान्यता र प्रोत्साहन गर्ने हो भने हरेक विद्यार्थी विद्यालय आउदा नयाँ कुरा लिएर आउने छन् (कृष्णमुर्ति, २०६६) ।

त्रास र भयमुक्त वातावरणमा रहेर मानिसको नयाँ नयाँ सोच, कल्पना र क्रियाकलापहरुलाई स्कूलले स्वागत गर्ने र त्यसलाई प्रोत्साहन गर्ने हो भने हरेक बिद्यार्थी बिद्यालय आउँदा नयाँ कुरा लिएर आउने छन ।

हरेक बालबालिकाहरु कल्पनाशील हुन्छन, उनीहरुमा कौतुहलता हुन्छ ,मनमा अनेककुराहरु खेलाईरहन्छन । त्यो बालशुलभ मानसिकतामा रहेका सुन्दर सपना, कल्पना र अनेक प्रश्नहरुको उत्तर प्रेमपुर्बक दिदै जाने हो भने कुनैपनि बालक परिवार , स्कुल वा राज्य बिरुद्ध लडाकु र बिद्रोही हुदैन । हामी नानीहरुलाई घरमा हकारपकार गरेर राख्छौ । धेरैजसोले हकारेर वा पिटेर तह लगाउने सजिलो उपाय रोज्छौ । अंग्रेजी शासनले सिकाएको

माध्यमबाट स्कुललाई डर, धाक र धम्कीबाट चिनाउन चाहन्छौ । तर उनीहरुमा रहेको दमित मानसिकता पछि ज्वाला भएर उठ्दा आगलागि हुने गर्दछ । यसरी समाज र शिक्षालाई मिलाएर हेर्ने बानी हामीमा अझै बसेको छैन । डा. राइको यो प्रस्तुतिलाई अध्यन गर्दा दमित मानसिकता भोलीको लागि खतरनाक हुन सक्ने भएकाले बालबालिकालाई आजै देखि उचित वातावरणको व्यबस्था गर्न बिद्यालय र समाज कहिकतैपनि चुक्न नहुने देखिन्छ । बालबालिकाको आन्तरीक प्रतिभा प्रस्फुटन गराउने माध्यम नै शिक्षा भएकोले शिक्षण सिकाइ बालमैत्री रदण्ड रहित हुनपर्दछ (राई, २०६८) ।

सामान्यतया शिक्षण सिकाइ गर्ने काम शिक्षकहरुको हो । फरकफरक शिक्षकले बिद्यार्थीहरुप्रति गर्ने ब्यवहार फरकफरक नै हुन्छ । हाम्रो परिबेशमा साम, दाम, दण्ड, भेद जुनसुकै उपाय अपनाएर भएपनि शिक्षण गरेपछि आफनो दायीत्व पुरा भएको संझने चलन छ। शिक्षण त होला तर सिकाइ भएन भने त्यो शिक्षण अर्थहिन हुन्छ । बालबालिका का आ आफना आर्थिक तथा सामाजिक परिबेश हुन्छ । अभिभावकको चेतना, उनीहरुको बिकासको लागि गर्ने सहयोग, कक्षाकोठाको वातावरण आदिले बालबालिकाको शिकाईमा असर पारीरहेका हुन्छ भने डर र त्रासको वातावरणले पनि बालबालिकाको सिकाइमा नकरात्मक असर पार्दछ ।

एउटा निडर प्रोत्साहित र दण्डरहित वातावरणमा बालबालिकाले जति सिक्दछन, नियन्त्रित, निगरानी, दण्डसजाय र त्रासको वातावरणमा बालबालिकाले सिक्न सक्दैनन । यो अभिब्यक्तिलाई नियालेर अध्यन गर्दा जसरी भएपनि शिक्षण कार्य सम्पन्न गरी आफनो दायीत्व पुरा गरेको सम्झनु सबै भन्दा मुर्ख कार्य हो भन्ने कुरा पुष्टि हुन्छ । वास्तवमा शिक्षण कार्य कति भयो भन्दा पनि सिकाइ कार्य भयो वा भएन भन्ने नै महत्वपूर्ण कुरा हो भन्ने कुरा प्रतिबिम्ब भएको छ त्यसैले गर्दापनि बालमैत्री र दण्डरहित शिक्षण सिकाइले गुणस्तरिय शिक्षामा महत्वपुर्ण भुमिका खेल्नसक्ने भएकोले यो अध्यनलाई शिर्षक बनाइएको हो (प्लान नेपाल, २०६६) ।

बालमैत्री बिद्यालय भन्नाले बालबालिका रुचि, सिक्नेक्षमता, आवश्यक्ता अनुसारी उनीहरुको आत्मासम्मानजनक कदर गर्दै हिंसारहित वातावरण रमाइलोसंग बालसुलभ ढंगले

सिक्ने  र सिकाउने वातावरण भएको बिद्यालयलाई बुझाउछ अर्थात बालमैत्री बिद्यालय भन्नाले प्रत्येक बालबालिकालाई भौतिक रुपमा सुरक्षित, संबेगात्मक, रुपमा रमाइलो र मनाबैज्ञानिक रुपमा मनोवल उच्च महशुस गराउने वातावरण भएको बिद्यालयलाई बुझिन्छ । जुन बिद्यालयले आफनो सेवाक्षेत्रभित्र बिद्यालय बाहिर रहेका बिद्यालय उमेरका बालबालिकाहरुको खोजिगरी भर्ना गराउछ, उनीहरुको बाँच्न पाउने, सुरक्षित हुन पाउने, बिकास गर्न पाउने, सहभागिता हुन पाउने जन्मसिद्ध अधिकार प्राप्त ब्यक्तिका रुपमा स्वीकार गरी राज्य र समुदायलाइ  बालअधिकारप्रति सचेत र सजग गरादै दायीत्वबोध गराई बालअधिकारको सुनिश्चितताका लागि उत्प्रेरित गराउँदछ भने त्यस्तो बिद्यालयमा बालबालिकाको अन्तरनिहित प्रतिभाहरुलाई सहि ढंगले बालकेन्द्रित गर्दछ, बिभिन्न लिंग, भाषा, जाति, वर्ग, धर्म आदिका अधारमा बिना भेदभाव सबैको रुचि र आवश्यक्ता अनुसार समावेसि ढंगले शिक्षाको अवसर प्रदान गर्दछ (सापकोटा, २०६९) ।

**वाल मैत्री विद्यालय**

वाल मैत्री विद्यालय भनेको त्यस्तो विद्यालय हो जहाँ वालवालिकाहरु लाई लेख्न, पढ्न, हिसाव गर्ने, सामाजिक मूल्य मान्यता र संस्कृति जान्न बुझ्न, जीवन निर्वाहका निम्ति आवश्यक सीप र ज्ञान आर्जन गर्न, सामाजिकिकरण गर्न अवसर प्राप्त हुन्छ । साथै वातावरणमा सिकने, आफ्नो भावना र विचार स्वतन्त्रतापूर्वक व्यक्त गर्न पाउने, आफ्नो जीवनको निर्णय आफैले गर्ने, ठिक वेठिक छुट्याउने, समुदायमा सहयोगको भावना विकास गर्ने, आत्मा विश्वास जगाउने, आत्मा सम्मानको भावना विकास गर्ने अवसर दिइन्छ ।

**वाल मैत्री विद्यालयको विशेषता**

१. बालबालिकालाई भवीश्यमा जिबिकोपार्जनको शीप हासिल गर्ने ।

२. आफनो बिचार स्वतन्त्रतापुर्बक अभिब्यक्त गर्ने ।

३. सिकाइमा आनन्दको अनुभूति गर्ने ।

४. आफ्नो जीवनको वारेमा आफैले निर्णय गर्ने ।

५. सामुदायिक विकास कार्यमा सहयोग गर्ने र सहभागी वन्ने ।

६. दण्ड सजायको विल्कल आभाषा हुन नहुने ।

७. हिंसा रहित र भयमुक्त वातावरण वसाइ व्यवस्थापन ।

८. पर्याप्त शैक्षिक सामग्री, खेलकुद तथा मनोरञ्जनको व्यवस्था ।

९. खानेपानी तथा शौचालयको व्यवस्था ।

## २.२ सैदान्तिक ढाँचा

मानव जातिको उत्पति देखि नै कुनै न कुनै रुपमा शिक्षाको अस्तित्व देखा परेको हो । ढुङ्गे तथा जंगली युग देखि नै आफ्नो आवश्यक्ता परिपूर्ति क्रममा अनौपचारिक रुपमा शिक्षाको सुरुवात भएको हो । समयको प्रवाह सँगै शिक्षाको स्वरुपमा विभिन्न प्रकारको परिवर्तनहरु देखियो कुनै कुनै वेला कठोर अनुशासनमा प्रदान गरिने शिक्षा आज वालवालिकाको मनोरञ्जन गर्ने स्थलको रुपमा विद्यालयलाई विकास गरी खेल्दै रमाउदै सिक्ने वातावरणको आवश्यक्ता महसुस गरिएको छ । वालवालिकालाई शिक्षण सिकाइमा प्रभावकारी रुपमा सहभागी गराउनको लागि सर्वप्रथम विद्यालयमा दण्ड सजाय तथा भय लाई पूर्ण रुपमा निर्मूल गनुपर्दछ । दण्ड सजाय तथा भयका कारण वालवालिकाहरुमा विद्यालय प्रति नै विकर्षण सिर्जना हुने गर्दछ ।

विद्यालयमा शिकारुहरुलाइ होच्याउने, डर, त्रास, धम्की, आतंक, जस्ता गतिविधि गरिएमा कलिला दिमागमा विद्यालय र शिक्षक प्रति नकरात्मक धारणाको विकास हुन्छ र प्रभावकारी शिक्षण सिकाइ हुन सक्दैनन त्यसैले सिर्जना हुन जरुरी छ ।

वालवालिकालाई विद्यालयमा टिकाइ राख्नु र गुणस्तरीय शिक्षण सिकाइमा संमलग्न गराउनको लागि वालमैत्री विद्यालय भवन तथा वातावरण, चित्ताकर्षक पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ समग्रीहरु मात्र आवश्यक नभई वालवालिकाको अन्तरग भावलाई गहिरो रुपमा अध्ययन गर्न सक्षम पेशा प्रति समर्पित र प्रतिवद्ध भावना पनि उतिकै आवश्यक हुन्छ । विद्यार्थीले स्वस्फूर्त रुपमा अध्ययन अध्यापनलाई अंगिकार गर्न र आनन्दको रुपमा लिन शिक्षकको व्यवहारले गहनतम भूमिका निर्वाह गरेको हुन्छ । शिक्षकको प्रत्येक क्रियाकलाप, वोली, निर्देशन, दिइने स्याबासी र विद्यार्थी प्रति प्रदर्सित गरी नै हाउभाउले गहिरो सन्देश वोकेको हुन्छ । शिक्षकको नकरात्मक प्रस्तुतीवाट विद्यार्थीमा अध्ययन प्रति निरुत्साह संचार हुन्छ भने सकरात्मक अभिव्यक्तिबाट विद्यार्थीलाई अध्ययन र सिकाइ प्रति हौसला एवम् उर्जा प्राप्त गर्न मद्दत गर्दछ । दण्डको माध्यमले होइन पुरस्कारको माध्यमले निष्ठुर र कडा प्रस्तुति नभइ सरल र वाल मनोविज्ञानका सिद्धान्तलाई आधार बनाइ शिक्षण सिकाइ संचालन गर्दा विचैमा विद्यालय नछोडी धेरी भन्दा धेरै विद्यार्थी तह पूरा गर्न उत्साहित र सक्षम हुन्छन् ।

डा. मारिया मण्टेश्वरी : मण्टेश्वरी शिक्षा पद्धतिकी जन्मदाता डा. मारिया मण्टेश्वरीको जन्म सन् १८७० मा  इटलीको एन्काबा शहरमा  भएको थियो । उनले कुपोषणको सिकार भएका , लज्जालु, दुखि, पढ्न असमर्थ गरीब केटाकेटीलाई स्नेह र मातृत्व सहित सिकाइमा लगाइन । त्यसबाट ती केटाकेटी राज्यस्तरको परीक्षामा साधारण केटाकेटी भन्दा गतिला ठहरिए । मण्टेश्वरी प्रयोगबाट सहि शिक्षाले शारीरिक तथा मानसिक रुपमा असक्त नानीहरुलाई पनि सक्षम बनाँउछ भन्ने प्रमाणित गरयो । सन् १९०६ देखि डाक्टरी पेहा छाडेर मण्टेश्वरी पूरा समय बालशिक्षामा समर्पित भइन् ।सन्१९०७ मा रोमको समलोरेन्जमा ६  बर्ष सम्मका सामान्य बालबालिकाको लागि पहिलो मण्टेश्वरी पाठशाला स्थापना गरेकी थिइन । युरोप, अफ्रिका, अमेरिका तथा एशियाली देशका बालबालिकाको बैज्ञानिक अध्यनबाट मण्टेश्वरीले अनगिन्ती चर्चित पुस्तकहरु लेखिन र बालबालिकाको बिस्तृत अध्यन गरि मण्टेश्वरी शिक्षाको सुत्रपात गरिन । यसै मण्टेश्वरी शिक्षाको सिद्धान्तलाई आत्मासाथ गर्दै नेपालका सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि गर्नको लागि दण्डरहित तथा बालमैत्री सिकाइ एक राम्रो उपाए हुनसक्छ भन्ने हेतुले अध्यन गरिएको हो ।

## २.३ शैक्षिक उपादेयता

राष्ट्र निर्माणको लागि आवश्यक जनशक्ति उत्पादन गर्ने थलो बिद्यालय हो । निश्चित तह पुरा गरिसकेका शिकारुले तह अनुसारको उद्धेश्य पुरा हुने कार्य गर्न नसकेमा त्यस प्रकारको शिक्षालाई गुणस्तरिय शिक्षा भन्न मिल्दैन। बिद्यालय शिक्षा गुणस्तरिय हुन नसकेमा दक्ष जनशक्ति उत्पादन गर्ने कार्य सफल हुन सक्दैन । नेपालमा दुई थरिको शिक्षा कायम रहेको अबस्थामा सामुदायकि शिक्षाप्रति जनमानसमा निराशा पलाएको देखिन्छ । सामुदायीक बिद्यालयको गुणस्तर उकास्ने धेरै उपायमध्ये एउटा उपाय दण्डरहित तथा बालमैत्री सिकाइ हो जसको प्रयोगले विद्यालयमा शिकारुको नियमिततामा बृद्धि हुन्छ र शिक्षण सिकाइ प्रकृयाले प्रभावकारीता प्राप्त गर्न सक्छ, बिद्यालयको शिक्षण प्रकृया प्रभावकारी हुन सकेमा स्वत शिक्षाको गुणस्तर र सिकाइ उपलब्धि वृद्धि गर्न सकिन्छ ।

# परिच्छेद : तीन

## अध्ययन विधि

अध्ययन विधिले अनुसन्धानात्मक प्रश्नको उत्तर पाउनको लागि अध्ययन गरिने पूर्वयोजना र खाकालाई जनाउँदछ । अध्ययन अनुशन्धानलाई सजिलो तरहले सु सम्पन्न गर्न तथा विषयवस्तुको प्रकृति र उद्देश्य प्राप्त गर्न पूर्व निर्धारीत विधिहरु तय गर्नु पर्ने हुन्छ।

यो परिच्छेदमा अनुसन्धान कार्य अगाडि वढाइ सहज र सरल ढङगले उद्देश्य प्राप्तीमा सहयोग पुऱ्याउनाले यो अध्यन गरिएको छ । यो परिच्छेदमा यस अध्यनको अनुसन्धानात्मक ढाँचा, नमुना छनौट, तथ्याङ्कको स्रोत तथा तथ्याङ्क संकलनका विधि तथा साधनहरुको जानकारी दिने प्रयास गरिएको छ । अर्थात पूर्व निर्धारित उद्देश्यहरु पुरा गर्न अपनाइएका अध्यन विधिको छोटो चर्चा समेटिएको छ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

उद्देश्य र अनुसन्धानात्मक प्रश्नको आधारमा अध्यनको विधिहरु फरक पर्ने गर्दछन् । फरक अनुशन्धानको लागि फरक विधि हुने गर्दछन । यो अध्ययन खोजमूलक भएको तथा विषयवस्तुलाई व्याख्या र विश्लेषण गर्दै निष्कर्ष निकाल्नु पर्ने भएकोले अध्यनलाई उपलब्धि मूलक वनाउन गुणात्मक विधिको प्रयोग गरिएको छ । कुनै अवस्था, घट्ना, प्रक्रिया तथा समस्याहरुको अध्यन गर्ने उद्देश्यले नाम रुचि तथा क्रमागत मापन गरिएका वा शाब्दिक रुपमा संकलन गरिएका असाख्यिक तथ्याङहरुलाई तार्किक विधिद्धारा निष्कर्षमा पुगिने अनुशन्धानलाई गुणात्मक अनुशन्धान भनिन्छ । गुणात्मक अनुसन्धानमा अनुसन्धानकर्ताले सहयोगीहरुको स्थानिय तथ्याङ्क संकलन गरी शाब्दिक विश्लेषण गर्दछन् ।

नमूना छनौटमा परेका जनसंख्या सँग अर्न्तवार्ता र छलफल गरी यो अध्यन गरिएको छ । गुणात्मक ढाँचा अनुसन्धान गर्दा विषयवस्तुलाई गहिरीएस अध्यन गरिमे र सम्वन्धित व्यक्ति अवस्था र अवस्था र घट्नासँग प्रत्यक्ष सम्पर्क हुने र प्राप्त सूचनाले यथार्त नतिजा ल्याउने भएकोले यो अध्यनको लागि गुणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

प्रत्येक विद्यालयका प्रधानाध्यापकसँग स्वीकृत गरि अन्तरवार्ता लिई समय चयन गरी अर्न्तवार्ता अनुसुचि वितरण गरि, अर्न्तवाता लिई प्राथमिक श्रोतवाट तथ्याङ्क संकलन गरिएको हो साथै तथ्याङ्कसँग सम्वन्धित घट्नाको प्रकृति अवस्था कारणहरु आदिका वारेमा वढीभन्दा वढी सुचना संकलन गर्ने प्रयास गरिएको छ ।

## ३.२ नमूना छनौट

नमूना सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्ने एक भाग हो जुन अनुसन्धानकर्ताको लक्ष्य र अनुसन्धानको उद्देश्य अनुसार छानिएको हुन्छ । नमूना छनौट प्रयोजनपूर्ण हुनु पर्दछ । यो अध्यन पनि एक निश्चित र समिति प्रयोजनका लागि तयार गरिएको हो । कुनै पनि विषयको समस्यामा अध्यन अनुसन्धान गर्दा समस्याको पूरै भागको अध्यन प्रयोगात्मक रुपले कठिन हुन्छ । यस्तो अवस्थामा नमूना छनौट गरी अनुसन्धान गर्ने कार्यले प्रयोगात्मक रुपमा हुनुका साथै समय, साधन र खर्चको वचत गर्न सकिन्छ ।

यसै सिलसिलामा यस अध्यनमा उद्देश्यपूर्ण नमूना छनौटको आधारमा सिन्धुली जिल्ला रानीवास गा.वि.स. वडा न. २ मा अवस्थित श्री प्रभात उ.मा.बि. रानीबास, वडा न. ४ मा अवस्थित श्री प्रा.वि खोरिया वडा नं. ६ मा अवस्थित श्री जनता उ.मा.वि. चन्दनपुर र क.न.पा १४ मा अवस्थित श्री ज्ञानज्योति नि.मा.वि. काउछेमा मात्र समावेश गरि यो अध्ययन तयार गरिएको छ । चारवटाकै समुदाय अलग-अलग परिवेशका प्राप्त भयो ।

श्री प्रा.वि. खोरिया जहाँ कक्षा ५ सम्म मात्र अध्यापन गराउँदो रहेछ । शिक्षकहरु दमाइ, बाहुन, क्षेत्री कार्यरत रहेको पाइयो । विद्यार्थीहरु विद्यालय नजिक प्राय दमाई, कामी र वरपरबाट केही ब्राम्हण क्षेत्रीहरु पनि आउदा रहेछन् । विद्यालयमा जम्मा ५ जना शिक्षक र शिक्षिकाहरु कार्यरत रहेछन् । यहाँका सामुदायीक अवस्था हेर्दा प्राय निम्न आर्थिक, सामाजिक र राजनितिक अवस्था देखियो । बस्तीहरु प्राय नयाँ छैन । यस विद्यालयको प्रधानाध्यापक १, शिक्षकहरु २ र विद्यार्थीहरु छात्र १ र छात्रा १, वि.व्य.सं. पदाधिकारी १ गरी जम्मा ६ जनालाई अध्ययनको लागि छनौटमा पारिएको थियो । नमूना जनसंख्याको नामावली अनुसुची १ मा समावेश गरिएको छ ।

यस अनुसन्धानको लागि छनौट गरिएको विद्यालय श्री प्रभात उच्च मा.वि. जुन रानीवास गा.वि.स वडा नं. २ रानीवासमा अवस्थित छ । यस विद्यालयका सेवा क्षेत्र भित्रका समुदाय र समुदायमा बसोवास गर्ने व्यक्तिहरुको जीवनशैली हेर्दा यहाँका मानिसहरु मध्यम वर्गको आभास हुन्छ । यहाँका माझी सम्प्रदाय आदिवासी हुन भने ब्राह्मण, क्षेत्री समुदाय पछि बसोवास गर्न आएका हुन । ब्राम्हण क्षेत्रि जातीको आर्थिक अवस्था आदिवासी माझी जातिको तुलनामा थोरै राम्रो देखिन्छ । माझी जाति यहाँका पुरानो वासिन्दा भएता पनि आफ्नो अवस्थालाई खासै विकास गर्न सकेका छैनन् ।

विद्यालयमा जम्मा १६ जना शिक्षकहरु कार्यरतछन् । जसमध्ये ११ जना पुरुष र ५ जना महिला छन् । यो अध्यनको क्रममा यस विद्यालयका प्राचार्य १ शिक्षक शिक्षिक २ विद्यार्थीहरु छात्र १ र छात्रा १ गरी ५ जनालाई नमूनाको लागि छनौट गरिएको छ र नामावली अनुसुची १ मा समावेश गरिएको छ ।

त्यसैगरी यसै रानीवास गा.वि.स. वडा नं. ६ मा अवस्थित श्री जनता उ.मा.वि. चन्दनपुर लाई पनि यस अध्यनको लागि छनौट गरिएको छ । यो विद्यालयमा जम्मा १५ जना शिक्षकहरु कार्यरत छन् । विद्यालयको सेवा क्षेत्रभित्र प्रायः दनुवार जातिका मानिसहरुको बसोवास रहेको छ र केही मात्रामा क्षेत्री एवं अन्य । यहाँका मानिसहरको चेतनाको स्तर सन्तोषजनक छैन । माछा मार्ने र गाउँ घरको अन्य मनोरन्जनात्मक क्रियाकलापमा यिनीहरु वढी समय विताउछन । विद्यार्थीहरु प्रशस्त भएतापनि दैनिक हाजिरी प्रतिशत न्यून छ र सिकाई उपलब्धि पनि राम्रो मानिंदैन । यस विद्यालयका प्र.अ. १, शिक्षिका १, शिक्षक १ र छात्र १, छात्रा १, गरी ५ जनालाई नमूना जनसंख्याको रुपमा छनौट गरिएको जो अनुसुची १ मा प्रस्तुत छ ।

**३.३ तथ्याङ्कको स्रोत**

यस अध्ययनका लागि तथ्याङ्क संकलनका दुइवटै स्रोतहरु प्राथमिक स्रोत र द्वितिय स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत नमूना छनौटमा परेका विद्यालयमा भ्रमण गरी स्थलगत रुपमा अन्तर्वाता अवलोकन र छलफलको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै द्वितिय स्रोतका रुपमा पत्र-पत्रिकामा प्रकाशित लेखहरु अनुसन्धानात्मक प्रतिवेदनहरु सम्वन्धित विषयमा प्राप्त दस्तावेजहरु र वेवसाइटको प्रयोग

गरि तथ्याङ्क संकलन गरिएको छ । अध्यनको शिर्षकलाई सघाउ पुऱ्याउने दुवै स्रोतवाट प्राप्त तथ्याङ्कको आधारमा यो शोघपत्र तयार गरिएको छ ।

### ३.४ तथ्याङ्क संकलनका विधि तथा साधनहरु

यस अध्ययन तयार गर्न निम्न अनुसारका तथ्याङ्क संकलनका बिधि तथा शाधनहरुको प्रयोग गरिएको थियो ।

**अन्तरवार्ता**

अन्तरर्वार्ता गुणात्मक अनुसन्धानको एक महत्वपूर्ण विधि हो अन्तरवार्ता आन्तरिक विचार, चाहना, धारणा र सोच अभिव्यक्ति गर्ने सशक्त माध्यम हो । यो उद्देश्यपूर्ण वार्तालाप हो र यसका लागि निश्चित उद्देश्यको आवश्यक्ता पर्दछ । तसर्थ यो अध्ययनमा पनि विद्यालयमा दण्डको प्रयोग दण्ड प्रयोग हुने कारण, वाल मैत्रीपूर्ण विद्यालय वातावरण हुन नसक्नुका कारण दण्ड रहित शिक्षण सिकाइका उपायहरु, शिक्षण सिकाइ उपलब्धिका दण्ड रहित शिक्षणको भूमिका पत्ता लगाउने शोधको उद्देश्य प्राप्त गर्न अर्न्तवार्ता मार्फत तथ्याङ्क संकलन गरिएको थियो । अर्न्तवार्ताको लागि तयार गरिएको प्रश्नावली अनुसूची २ मा राखिएको छ ।

**अवलोकन**

प्राथमिक तथ्याङ्क  संकलनको एक उपयूक्त विधि अवलोकन पनि हो अवलोकन भनेको नयाँकुरा प्राप्त गर्नको लागि कुनै व्यक्ति वा वस्तुलाई एकपटक हेर्ने कार्य हो । यस अध्यनको लागि विद्यालयमा वाल वालिकालाई दण्ड दिइने गरेको छ । वालवालिकाहरु घर परिवारमा दण्डित भएका  छन् वा छैनन् । विद्यालयहरुले दण्ड रहित तथा वाल मैत्री शिक्षण सिकाईको प्रयास कति हद सम्म गरेका छ ? विद्यार्थी विद्यार्थीवीचको सम्वन्ध कस्तो रहेको छ ? भन्ने विषयमा अवलोकन गरिएको थियो ।

**छलफल**

यस अनुसन्धानका लागि नमूना छनौटमा परेका जनसंख्यासँग औपचारिक रुपमा विद्यालयमा दिइने दण्ड सँग सम्वन्धित भएर विद्यालयमा शिक्षक विद्यार्थीसँग कस्तो सम्वन्ध ? कुनै शिक्षकले वढी दण्ड दिइने कार्य गर्दछन् ? कुन शिक्षक वढी मन पर्छ ? प्र. अ. को

व्यवहार कस्तो छ ? वाल मैत्री शिक्षण सिकारको अवस्था कस्तो छ ? दण्डीत हुनुका कारणहरु के के हुन् ? दण्डको कारणले घटेका केही घट्नाहरु दिइने दण्डका प्रकार आदी बारेमा छलफल गरिएको थियो ।

**दस्तावेज पूनरावलोकन**

द्धितिय तथ्याङ्क संकलनका शाधनहरु लाइव्रेरी र इन्टरनेटबाट अनुसन्धानकार्यलाई सघाउ पुऱ्याउने विभिन्न पत्र पत्रिकामा प्रकाशन भएका लेख रचनाहरु अनुसन्धानात्मक अध्यनका प्रतिवेदनहरु दण्ड रहित तथा वाल मैत्रि शिक्षण सिकाईसँग सम्वन्धित तालिम संचालनको लागि तयार पारिएको प्याकेजहरु सम्वन्धित दस्तावेजहरु पुनरावलोकन गरी सम्वन्धित सूचना र तथ्याङ्क संकलन गर्ने कार्य गरिएको थियो ।

**३.५ तथ्याङ्क विशेषण विधि**

तथ्याङ्कको विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो । विभिन्न किसिमका प्राथमिक तथा द्धितिय स्रोतवाट प्राप्त तथ्याङ्कलाई सिलशिलेबार रुपमा व्याख्या विश्लेषण र विवेचना आवश्यक हुन्छ । यस अध्ययनमा संकलित प्राथमिक तथ्याङ्कहरुलाई उद्देश्य अनुसार छुट्टाछुट्टै चार्ट पेपरमा उतारी शैद्धान्तिक ढाँचामा उल्लेखित वैचारिक चिन्तनसँग सम्वन्धित गरी द्धितिय तथ्याङ्कको आधारमा उद्देश्यको आधारमा विभिन्न शिर्षक चयन गरी तथ्याङ्क प्रस्तुतिकरण विश्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

औपचारिक शिक्षा प्राप्त गर्ने प्रमुख स्थल र माध्यम विद्यालय हो । विद्यालय शिक्षा सही र गुणस्तरीय भएमा मात्र समाज र राष्ट्रको लागि उन्नत र दक्ष जनशक्ति निर्माण हुन सक्छ । दक्ष जनशक्ति तयार हुनको लागि शिक्षण सिकाइ उच्च स्तरीय हुन जरुरी छ । वर्तमान समयमा वालवालिकाहरु सिक्नको लागि मात्र भनेर विद्यालयमा वस्न रुचाउदैनन् । लगातारको शिक्षण सिकाइ र जवरजस्त सिकाइ उनीहरुको लागि वोझ बन्न सक्छ । अर्को कुरा कक्षाकोठामा जतिपनि वालवालिकाहरु उपस्थित रहेका हुन्छन् ।

अर्कोतिर विभिन्न परिवेश, धर्म, जातजाति, भाषा, लिंग, क्षेत्रवाट आएका हुन्छन् । जसको आधारमा भेदभाव, काखापाखा , अवहेलना र दण्ड सजाय भएका ती क्रियाकलापहरु वालअधिकार विपरित हुनेछन् र वालवालिकाहरु शिक्षण सिकाइप्रति उत्साहित र आकर्षित हुन सक्दैनन् । त्यसका साथसाथै विद्यालयमा शिक्षकहरु द्धारा वालवालिकामा गरिएको व्यवहार वालमैत्री एवं दण्ड रहित हुनु जरुरी छ । वालवालिकाहरुमा विद्यालयमा सिकाइको नाममा कुनै प्रकारको कर काप, गाली दण्ड र जवरजस्ती प्रकारको क्रियाकलापहरु गर्न पाइदैन । विद्यालयमा वालवालिकाहरु रमाउदै हाँस्दै खेल्दै नाँच्दै, गाँउदै थाहा नपाइकुनै शिक्षण प्रक्रिया प्रारम्भ भई अन्त्य गराउनु पर्छ । त्यसैले विद्यालयले दण्ड सजाय तथा करकाप लाई न्यूनिकरण गदै वालमैत्री वा दण्ड सहित शिक्षण सिकाइ कार्य लाई व्यवस्थित गरी वालवालिकाको सर्वाङ्गीण विकास र प्रभावकारी शिक्षण सिकाइको लागि मार्ग प्रशस्त्र गर्नु पर्दछ । यो परिच्छेदमा विभिन्न शिर्षक अर्न्तगत तथ्याङ्कको प्रस्तुतिकरण तथा प्राप्तीको विश्लेषण गरिएको छ ।

### ४.१ सामुदायिक विद्यालयमा विद्याथी न्युन हुनुका कारणहरु

घरपरिवारमा अभिभावको आर्थिक अवस्था कमजोर भएका कारण उनीहरु दैनिक रोजीरोटीको लागि काममा व्यस्त हुने भएकाले आफ्ना वालवालिकाहरु विद्यालयमा गए नगएको संग सरोकार नराख्ने र अलि ठुला उमेरका वालवालिकाहरु समेत आर्थिक उपार्जनका कार्यमा सकृय हुनुपर्ने भएकाले विद्यालयमा जान सक्दैनन् जो विद्यालयमा

विद्यार्थी न्युन हुनका कारण वनेको छ । वर्तमान समयमा विद्यालयबाट उत्पादन भएका जनशक्तिहरु बेकम्मा भएको कारणले पनि ग्रामीण क्षेत्रमा वालवालीकालाई विद्यालय पठाउनको लागि त्यति जाँगर  चलाउँदैनन् उनीहरु जब १८ वर्ष नाघ्छन विदेश जाने तयारीमा लागि सकेका हुन्छन त्यसैले पनि विद्यालयमा विद्यार्थी न्युन हुन गएको हो । विद्यालयको वातावरण वालमैत्री हुन नसक्नु विद्याथी न्युनहुनको अर्को कारण हो । विद्यालयमा वालवालिकालाई कुट्ने, गाली गर्ने जस्ता कार्य भएमा साना उमेरका वालवालिकाहरु विद्यालय आउनै चाहदैनन् त्यसैगरी विद्यालयमा धनी, गरीव, जातजाति, भाषा, धर्म, लिंग, क्षेत्र पेशा, सस्कृति वा अन्य हुने कारणले भेदभाव हुने गरेमा विद्यार्थी विद्यालय आउदैनन् । विद्यालयको भौतिक अवस्था वालमैत्री हुन नसक्नु विद्यालयमा विद्याथी कम हुनुको अर्को कारण हो । वालवालिकालाई विद्यालयमा खानेपानी शौचालय, खेल मैदानको साथै कक्षाकोठाभित्र वसाई व्यवस्थापन समेत सजिलो खालको हुन जरुरी छ । यदि त्यस्ता प्रकारका वातावरण विद्यालयमा हुन नसकेमा वालवालीकाहरु विद्यालयमा आउन र वस्न चाहदैनन् ।

### ४.२ सामुदायिक विद्यालयको सिकाइ उपलब्धि कम हुनका कारणहरु

पछिल्लो दिनमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको सर्वत्र गुनासो सुनिन्छ । वास्तवमा नीजि क्षेत्रमा स्थापना भएका विद्यालयहरुको शैक्षिक गुणस्तरको अगाडि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरले घुंडा टेकेकै आभाष हुन्छ ।

शिक्षा क्षेत्रमा विभिन्न समस्याहरु छन, जसको कारण शिक्षाक्षेत्र क्षेतीग्रस्त भएको हो । सर्वप्रथम शिक्षकहरुको पेशागत सुरक्षा नभएको र वर्षौसम्म अस्थायी रहनु परेकोले उनीहरुमा पेशागत असुरक्षा भई नैरश्यता उत्पन्न भएको छ । अभिभावकहरु शिक्षाप्रति त्यति सचेत छैनन्  असचेतताको कारणले उनीहरु शिक्षा क्षेत्रमा लगानी गर्न अघि सर्देनन् र वालवालिकाहरु काम चलाउ शिक्षामा सिमित भएकाछन । विद्याथीहरु पश्चिमी सस्कारको सिकार भएका छन । मुन्द्रे, जगल्टे, ट्यापे र छोटा कपडाका संकारले विद्यालय तहसनहस भएको छ । उनीहरुलाई गुणस्तरीय शिक्षासंग सरोकार छैन आफ्ना लागि भन्दापनि वुवा आमाको लागि पढी दिने संस्कार वढेको छ । संम्वन्धित निकायले पनि अनुगमनको क्षेत्रमा प्रभावकारी कदम चाल्न सकेको छैन । कसैको नियन्त्रणमा कोही रहन नचाहने कारण पनि

शिक्षाको गुणस्तर खस्कीएको हो । त्यसैले समग्र शिक्षाको गुणस्तर विश्वसनिय, प्रभावकारी र परिणाममुखि वनाउन सवै सरोकारवालाहरुको ध्यान जान जरुरी छ ।

## ४.३ विद्यालयमा दण्ड दिनुका कारणहरु

यो अध्यनलाई पूर्णता दिने क्रममा नमूना छनौटमा परेका विद्यालयवाट विद्यालयवाट तोकिएको जनसंख्या सँग अर्न्तवाता लिने क्रममा प्राप्त भएका अभिव्यक्तिलाई मध्यनजर गर्दा वालमैत्री वा दण्डरहित शिक्षा नेपालका परिवेशमा ग्रामिण क्षेत्रमा ठुलो चुनौतीको रुपमा रहेको छ । नमूना विद्यालयमा अर्न्तवाता लिने क्रममा दण्डको वारेमा धेरै वर्ष पहिले देखि नै विद्यालयमा दण्ड तथा सजायको प्रयोग हुदै आएको  छ । दण्ड तथा सजायको कारण विद्यार्थीहरुमा कुनै परिस्थितिमा सकारात्मक परिवर्तन देखिएको छ भने प्राय नकरात्मक असर नै देृखिन्छ । छनौटमा परेका विद्यालयहरुमा दण्डको प्रयोग भएकै देखियो । दण्डको वालमैत्री हुन किन सकेन  के दण्ड अनिवार्य छ ? दण्डको सकारात्मक असर के के हुन्छन्? वालमैत्री शिक्षण सिकाइ हुन जरुरी छ की छैन ? भन्ने जस्ता प्रश्नहरुमा उत्तरको संकलन गर्दा दण्ड तथा सजाय दिइनुको कारणहरु मूल्य तथा शिक्षण सिकाइमा कडा रुपमा सरिक गराउन, विद्यार्थीलाई अनुशासित बनाउन विद्यालयमा अपराधिक क्रियाकलाप रोक्न, विद्यार्थीको वातावरण शान्त बनाउन, कुलतवाट रोक्न, नियमित गराउन भने प्राप्त भयो ।

घर परिवार तथा विद्यालयमा वालवालिकालाई विभिन्न प्रकारको सजाय दिएर व्यवहारमा नियन्त्रण गर्ने प्रयास गरिन्छ । अनुशासनमा राख्न होस वा व्यवहारमा परिवर्तन ल्यान शारिरिक वा मानशिक यातना दिने गरिन्छ । यो कदापी राम्रो होइन । यसले त उल्टो शारीरक तथा मानसिक असर पुऱ्याउछ । उनीहरुको आत्मा विश्वास र आत्मा सम्मानलाई हटाएको हुन्छ । आत्म नियन्त्रण गर्ने शक्तिमा ह्रास आउछ , अरुमा विश्वास घट्छ अमर्यादित र अपमान जन्य व्यवहार पाएकोले उसले अरुप्रति त्यस्तै गर्न सिक्दछु । रीस, प्रतिशोध, घृणा, अपमान जस्ता नकरात्मक भावनाहरु मौलाउन थाल्दछ । त्यसैले वालवालिकालाई विद्यालयमा कुनै प्रकारको दण्ड सजाय दिनु हुदैन । विद्यालयमा दण्ड दिनुका कारणहरु खोज्दै गर्दा नमूना छनौटमा परेका विद्यालयहरुमा प्राप्त भएका कारणहरु निम्नानुसार अध्यन गर्न सकिन्छ ।

### ४.३.१ सामाजिक कारण

वालवालिकाहरु समाजका महत्वपूर्ण अंग हुन । सामाजिक रहन सहन, संस्कार, आनिवानी विद्यालयमा झल्किनु स्वभावविक मानिन्छ । वर्तमान परिवेशमा हाम्रा वरपरका वातावरण त्यति सकरात्मक पाउन सक्दैन । वालवालिकामा पनि समाजमा भए गरेका नकरात्मक क्रियाकलापको असर परेको हुन्छ  र सा अनुसार विद्यालयमा झगडा गर्ने, मद्यपान तथा धुम्रपान सेवन गर्ने अन्य विसंगतिजन्य कार्यहरु समेत गर्ने भएकोले विद्यालयमा दण्ड तथा सजाय पाउने गर्दछ ।

### ४.३.२ आर्थिक कारण

विद्यालयमा वालवालिकाहरु विभिन्न आर्थिक अवस्थावाट  आएका हुन्छन् । आर्थिक अवस्था राम्रो भएकाहरुको लागि खासै समस्या पर्दैन तर जसको आर्थिक अवस्था कमजोर हुन्छ उनीहरुले विद्यालयको पठन पाठनमा आवश्यक शैक्षिक सामाग्री प्राप्त गर्न सक्दैन कतिपय अवस्थामा कमाएर खानु पर्ने अवस्थामा वालवालिका तथा अभिभावक रहेकाले नियमित कक्षामा उपस्थित हुन सक्दैनन् जसको कारण दण्ड सजायको भागीदार हुनु पर्दछ ।

### ४.३.३ शिक्षकहरुको कारण

विद्यालयमा कार्यरत शिक्षकहरु पनि वाल अधिकार र वालमैत्री सिकाइ सम्वन्धि जानकारी नलिएका हुन सक्छन् उनीहरुमा दण्डविना सिकाइ हुन सक्दैन भन्ने जस्ता पुराना विचारको कारण पनि वालवालिकालाई आफ्नो कावुमा राखी राख्नको लागि दण्ड सजायको प्रयोग गर्ने गर्दछन् ।

### ४.३.४ द्वन्द्वको कारण

विद्यालयमा व्यक्तिगत विविधता हुने वालवालिकाहरु आउने भएकोले कतिपय अवस्थामा उनीहरुवीच द्वन्द्व हुन गई आपराधिक घट्नाहरु समेत हुने भएकोले विद्यालयले त्यस्ता क्रियाकलाप रोक्नका लागि दण्डको प्रयोग गर्ने गरेको पाइयो ।

## ४.४ दण्ड सजाएका असरहरु

वालवालिकाहरु विद्यालयमा मात्र होइन कुनै पनि स्थानमा दण्ड दिइनु हुदैन । दण्डको कारण वालवालिकामा विभिन्न प्रकारका घातक असर पर्ने गर्दछ । दण्ड सजायका कारण वालवालिकालाई पर्ने असरहरुलाई यस प्रकार अध्यन गर्न सकिन्छ ।

### ४.४.१ शारीरिक असर

चोट लाग्न, निलडाम वस्ने, अपाङ्ग हुने, ज्वरो आउने, टाउको दुख्ने, विरामी हुने, कान नसुन्ने, अचेत हुने जस्ता असरहरु पर्दछ ।

### ४.४.२ मनोवैज्ञानिक असर

वालवालिकालाई दण्ड सजाय दिइदा मनोवैज्ञानिक रुपमा पढाइ एकाग्रतामा कमि हुने, सिर्जनशिलता ह्रास हुने निश्क्रियता बढ्ने संकोचको भावना विकास हुने, आत्मवल तथा आत्मा विस्वासमा कमि विद्यालय प्रति वितृष्णा जाग्ने, आत्माग्लानी हुने, व्यक्तित्व विनास हुने, झर्कने, रिसाउने, आत्माहत्याको प्रयास गर्ने पढाइतर्फ ध्यान नदिने, निन्द्रानलाग्ने, मानसिक रोगी हुन सक्ने, कठोर र निर्दही बन्न सक्ने, बदला र पूर्वाग्रही बन्ने जस्ता असर पर्दछ ।

### ४.४.३ सामाजिक असर

वालवालिकालाई दण्ड तथा सजाय दिइदा समाजिक रुपमा समाज विरोधी भावनाको विकास हुने, अरुप्रंति नकरात्मक धारणा, सार्वजानिक सम्पति नष्ट गर्ने, लागुपदार्थ तथा दुव्यसनीमा फस्ने, अनादर गर्ने, घर समाज छाडेर हिड्ने, निर्दयी र क्रोधी वन्ने जस्ता असहरु पर्दछन् र वालवालिका भविष्यमा समाजको लागि खतरनाक  भएर निस्कन सक्ने ।

## ४.५ गुणस्तरीय शिक्षाको लागि दण्ड रहित तथा वालमैत्री शिक्षण सिकाइको भूमिका

वालवालिकाहरु स्वभावैले चन्चल, विचलित, उत्सुक र चकचके हुन्छन् । उनीहरुको उमेरको कारणले पनि गरेका कयौं कामहरु नकरात्मक परिणाम आउने खालका हुन्छन् । फेरी पनि विद्यालयमा विभिन्न परिवेशका केटा केटीहरुको जमघट हुने भएकोले कसैको विचार र कार्य नहुने कार्यमा पनि सरिक हुन सक्छन् । वालवालिकाहरुले अन्जानमा गरेका कमजोरी कारण उनीहरुलाई दण्ड सजायको भागीदार बनाउनु हुदैन । उक्त दण्डको कारण उसले सधैको लागि विद्यालय त्याग्न सक्छ भने शिक्षकहरु प्रति नकरात्मक धारणाको विकास गर्दछ जो गुणस्तरीय शिक्षाको लागि घातक हुन सक्छ । त्यसैले गुणस्तरीय शिक्षाको पहिलो सर्त सिकारु भएकोले शिकारुको इच्छा अनुसारको शिक्षण सिकाइ क्रियाकलाप अपनाउन जरुरी छ ।  शिक्षण सिकाइ पूर्ण रुपमा दण्ड रहित र वाल मैत्री हुन पर्दछ । विद्यालयको वातावरण वालमैत्री हुनु पर्दछ भने शिक्षकहरुको सिकाइ व्यवहार पनि वालमैत्री हुनु पर्दछ ।

दण्ड विना रमाइ रमाइ रमाइ सिकाइ कार्यमा सहभागी हुन पाउदा र विद्यालयको कक्षाकोठा व्यवस्थापन वसौवसौ लाग्ने आरामदायी भएमा र शिक्षककहरुवाट परिवारिक परिवेशमा शिक्षण गरेमा वालवालिकाले सिकाइलाई वोझको रुपमा होइन रमाइलो खेलेको रुपमा लिन्छन् उनीहरुको विद्यालय र शिक्षक प्रतिको धारणा सकरात्मता थमिन्छ । नियमित उपस्थिति र जिज्ञासा सहितको सहभागीताले शिक्षाको गुणस्तरमा सुधार हुन्छ ।

### ४.६ दण्ड रहित तथा वालमैत्री विद्यालयको कक्षा कोठा व्यवस्थापन

वालवालिकाहरु विद्यालयमा सजिलो र आरामदायी रुपमा वस्न पाए रमाउछन् । उनीहरुमा धैर्यता र सहशिलताको विकास भएको हुदैन त्यसैले उनीहरु कम्तिमा ४ देखि ६ घण्टा दैनिक एउटै कक्षाकोठामा वस्नु को उचाई अनुसारको फर्निचर, कालोपाटी , झ्यालढोको व्यवस्था कक्षाकोठाको चारैतर्फवाट खुल्ला रुपमा हावा आवत जावत हुन सक्ने, छानाको राम्रो व्यवस्था भएको, खानेपानीको प्रवन्ध भएको, कक्षा कोठा नजिक शौचालयको व्यवस्था हुनुपर्दछ । त्यसैगरी कक्षा कोठामा वालवालिकाले चाहेको क्रियाकलाप गर्नको लागि (जस्तो नाचगान, भित्री लेखहरु) खाली ठाउँको व्यवस्था हुनुपर्दछ । त्यसैगरी कक्षा कोठामा अक्षर तालिम अंक तालिम, साकाहारी तथा मांसाहारी प्राणीको चित्र, फलफूल, तरकारी चित्रहरुले सजाउनु पर्दछ ।

### ४.७ दण्ड रहित तथा वालमैत्री शिक्षकको लागि भूमिका

विद्यालय वालवालिकाको दोस्रो घर हो । वालवालिकाहरु स्वभावैले विद्यालयमा पारिवारिक वातावरण चाहन्छन् । वालवाललिकाहरुले विद्यालयमा दण्ड पिडा तथा अपमान भएको महसुस गर्नु पदैन । वालवालिकालाई कस्तो जनशक्ति निर्माण गर्ने भन्ने कुरा शिक्षाको हातमा हुन्छ । शिक्षकको व्यवहार अनुसार वालवालिकाले प्रतिक्रिया जनाउने गर्दछ । वालमैत्री विद्यालयमा वाल व्यवहार र शिक्षकको रणनीतिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ४.७.१ विद्यालयको गल्ती उत्तरको सम्वन्धमा

गल्ती गर्नुको पछाडि कारण खोज्ने प्रश्न सोधाइ नै पो ठिक भएन की भनेर विचार गर्ने । सुधार्नको लागि सजिलो प्रश्नहरुको प्रयोग गर्ने । सन्दर्भ वा परिवेश सिर्जना गरि

दिने । विद्यार्थीको उमेर र ज्ञानात्मक अवस्थाको कारणले प्रश्नमा प्रयोग गरिएका भाषा हुन सक्छ तसर्थ विद्यार्थीको निम्ति भाषा सरल बनाइ दिने ।

### ४.७.२ भाषिक अक्षमताको सन्दर्भमा

विद्यार्थीले शिक्षकले भनेका कुर नबुझ्न सक्छु त्यसको कारण उनीहरुको भाषिक क्षमता हो । तय विद्यार्थीलाई सरल भाषामा दोहोऱ्याइ भन्नु पर्ने हुन्छ । यसरी नै भाषिक क्षमता विकासको निम्ति शिक्षकले शिक्षक विद्यार्थी र विद्यार्थी तरीकालाई प्रयोग ल्याउन सक्छन् ।

### ४.७.३ विद्यार्थीलाई दिइने कक्षा कार्य र गृह कार्य सम्वन्धमा

अर्थपूर्ण कक्षाकोठा र गृहकार्य दिनु पर्ने हुन्छ । भरखरै गरेको कृयाकलापको आधारमा कक्षाकार्य दिएमा त्यसले उनीहरुको सिकाइ कसरी अगाडी वढी रहेको छ भन्ने कुराको अनुमान लगाउन सजिलो हुन्छ । साधारण तथा गृह कार्य पनि सिकाइ क्रियाकलाप पछि दिइने कक्षा कार्य कै निरर्न्तता हुनु पर्दछ । विद्यार्थीलाइ दिइने कार्यहरु कितावको जस्ताको तस्तै अभ्यास भन्दा पनि त्यसमा भएका कतिपय अस्पष्टतालाई मिलाएर दिनु पर्दछ ।

### ४.७.४ कक्षामा दिने निर्देशनहरु सम्बन्धमा

निर्देशन बुझिने र सरल भाषामा हुन जरुरी छ । निर्देशन दिने कामलाई वास्तवमा सहभागीमुलक ढंगले संचालन गर्नुपर्दछ । निर्देशन दिदा बिभिन्न बालकेन्द्रित तरीकाहरु जस्तो : संकेतहरु,कार्टुनहरु,हाउभाउ,चित्रहरु एबम बिभिन्न प्रकारका रोचक सामग्रीहरुको प्रयोग गर्नु पर्दछ ।

### ४.७.५ शिक्षक र विद्यार्थीले प्रयोग गर्ने भाषाको सम्बन्धमा

शिक्षकले सरल भाषा प्रयोगगर्नु पर्ने कुरा त छदैछ यस बाहेक बिद्यार्थीहरुको मातृभाषा र शिक्षकको मातृभाषाको बीचमा हुने फरकलाई पनि ध्यान दिनु पर्दछ । खाषगरि भाषामा सञ्चार गर्ने क्षमतामात्र हुदैन त्यसमा त्यो भाषा बोल्ने समुहको समग्र सस्कारको कुरा पनि आउछ । तसर्थ उनीहरुको सस्कृतिजन्य कुराहरु के के छन ? तीनिहरलाई बिद्यार्थीको सिकाइ प्रभावकारी बनाउन कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने कुरामा पर्याप्त ध्यान दिनु पर्दछ ।

## ४.८ अभिभावकको भुमिका

बालमैत्री बिद्यालयमा अभिभावकको भुमिका निकै महत्वपूर्ण हुन्छ । दण्डरहित तथा बालमैत्री शिक्षण सिकाइ बिद्यालयमा मात्र भएर हुदैन । बालबालिकाले अधिकांश समय आफनो अभिभावकसँग बिताउने भएकाले घरको वातावरण पनि बालमैत्री हुन जरुरी छ । एउटा बालक घरमा अत्यन्तै तनावपूर्ण वातावरणमा हुर्केको छ भने उसले बिद्यालयमा बालमैत्री परिबेश ग्रहण गर्न सक्दैन । अभिभावक बालबालिकाका शिक्षाप्रति सचेत हुनु उनीहरुको तयोदायीत्व हो । बालकालिकालाई आबश्यक पर्ने सामग्री, पोशाक, झोला, कलम,कपि,किताब ,दिवानास्ता जस्ता चीजहरुको ब्यबस्थामा अभिभावक चुक्न हुदैन । घरमा आफै उदाहरणको रुपमा पस्तुत हुन पर्दछ । घरमा धुम्रपान ,मध्यपान ,झै झगडा जस्ता कुराहरुबाट सधै टाढा राख्नु पर्छ ।बालबालिकालाई अभिप्रेरणा गर्ने,प्रफुल्लित बनाउने,शान्त र रमाइलो बातावरणमा पढ्न पाउने ब्यबस्था मिलाउने जस्ता रचनात्मक भुमिका अभिभावकले निभाउन पर्दछ ।

## ४.९ भयरहित सिकाइको लागि आचारसंहिता

### ४.९.१ विद्यालय व्यवस्थापन समितिका लागि आचारसंहिता

१. विद्यालयलाई आवश्यक पर्ने स्रोत साधन समयमै जुटाउछौँ ।

२. विद्यालयमा हुने सम्पूर्ण क्रियाकलाप एवं सम्पतीको नियामित रेखदेख गर्छौं ।

३. विद्यालयका सम्पूर्ण कार्यहरुलाई पारदर्शी राख्छौँ ।

४. विद्यालयमा भएरहित शिक्षण सिकाइ गर्ने गराउने वातावरणको सिर्जना गर्छौं ।

५. विद्यालयको बार्षिक कार्ययोजना बनाइ समयमै कार्यान्वयन गर्छौं ।

६. विद्यालयमा अभिभावकको सहभागिता सुनिश्चित गर्छौं ।

### ४.९.२ अभिभावकका लागि आचारसंहिता

१. हाम्रा बालबालिकालाई नियमित रुपमा विद्यालय पठाउँछौ ।

२. बालबालिकाका लागि चाहिने आवश्यक शैक्षिक सामग्री तथा पोशाकको व्यवस्था समयमै गर्छौं ।

३. विद्यालय हाता भित्र धुम्रपान ⁄मद्यपान गरी प्रवेश गर्दैनौ ।

४. बालबालिकाको प्रगतीका बारेमा नियमित रुपमा विद्यालयमा आई बुझ्छौं ।

५. बालबालिकाको सरसफाई प्रती ध्यान दिन्छौं ।

६. बालबालिका विद्यालय नियमित गएनगएको र विद्यालयमा उनिहरुको गतिवीधि बुझ्छौं ।

७. बालबालिकाहरुको संगत बारेमा नियमित जानकारी राख्छौं ।

८. विद्यालयमा भएरहित शिक्षण सिकाइ वातावरण बनाउन सहयोग गर्छौं ।

### ४.९.३ शिक्षकका लागि आचारसंहिता

१. विद्यालयमा भयरहित वातावरण सिर्जना गरी शिक्षण गर्छौं ।

२. विद्यालयमा ठिक समयमा उपस्थित हुन्छौं ।

३. विद्यालयमा हुनेहरेक क्रियाकलापमा अनिवार्य सहभागी भई विद्यालय एवम् बालबालिकालाई सहयोग गर्छौं ।

४. शिक्षण सिकाइको क्रममा हामी सरल, साधारण र आदर्श जिवनशैली यापन गर्दछौं ।

५. विद्यालयमा हुने हरेक क्रियाकलापमा पक्षपात रहित व्यवहार गर्छौं ।

६. पाठ्यक्रम एवं पाठ्यपुस्तकलाई हृदयङ्गम गरी शिक्षण सिकाइ कार्य पुरा गर्दछौं ।

७. व्यवसायिक दक्षता विकासको क्रममा विद्यार्थी एवं अन्य शिक्षकहरुसंग ज्ञान, सीप र क्षमता आदान प्रदान गर्छौं ।

८. विद्यालय विकासका लागि आवश्यक क्षेत्रमा टेवा पुऱ्याउँछौं ।

९. विद्यालयले लागू गरेका अन्य नीतिनियमहरु पालना गर्छौं ।

### ४.९.४ विद्यार्थीका लागि आचारसंहिता

१. हामी सँधै विद्यालय पोशाक लगाई नियमित रुपमा विद्यालय आउँछौं ।

२. हामी अनुशाशीत भइ पठनपाठन कार्यमा सहभागि हुन्छौं ।

३. विद्यालयले संचालन गरेका हरेक क्रियाकलापमा सक्रिय सहभागि हुन्छौं ।

४. हामी विद्यालयको वातावरणलाई भएरहित बनाउन सहयोग गर्छौं ।

५. विद्यालयबाट पाएको गृहकार्यलाई हामी प्रमुख कर्तव्य मान्छौं ।

६. हामीहरु विद्यालय समयमा विद्यालय बाहिर जाँदैनौं ।

७. हामीले शिक्षक र आफुभन्दा ठूला साथीलाई आदर गर्छौं र सानालाई माया गर्छौं ।

### ४.१० अभिप्रेरणाका सीपहरु

केही विद्यार्थीहरु स्वभाविक रुपले सिक्न उत्सुक हुन्छन् तर धेरैले आफ्ना शिक्षकले सिक्नको लागि प्रेरित गरोस्, चुनौति देओस् र उक्साओस भन्ने चाहन्छन् । प्रभावकारी सिकाइ शिक्षकले कक्षामा विद्यार्थीहरुको अभिरुचि कायम राख्नमा पनि निर्भर हुन्छ । तर सबै विद्यार्थी त्यस्तै मूल्य, आवश्यकता, इच्छाबाट अभिप्रेरित हुँदैनन् । केही विद्यार्थीहरु अरुको प्रशंसा वा तारिफ गरेर र केहि चाहिं चुनौतीहरुलाई सामना गरेर अभिप्रेरित हुन्छन् । शिक्षकले विद्यार्थी स्वयम् अभिप्रेरित भई स्वतन्त्र सिकाइ गर्न लगाउन निम्नलिखित कुराहरु गर्न सक्छन् विद्यार्थीहरुलाई उनीहरुले सफलतापूर्वक कार्य गर्न सक्छन् भन्ने विश्वास जगाउन सकारात्मक सम्पोषण दिनुहोस ।विद्यार्थीहरुलाई सफलता पाउने मौका उपलब्ध गराउन वा सफलताको महसुस गराउन न साह्रै गाह्रो न साह्रै सजिलो कक्षा वा गृहकार्य दिनु पर्दछ । विद्यार्थीहरुलाई उनीहरु अध्ययन गर्ने समुदायको महत्वपूर्ण अंग हुन् भन्ने महसुस गराइदिनुपर्दछ ।

आफ्ना आवश्यकता पूर्ति हुने देखेमा विद्यार्थीहरुले प्रभावकारी ढंगले सिक्छन् । यस्ता आवश्यकताहरु विभिन्न हुन्छन् । जस्तै : केही सिक्ने चाहना, नयाँ अनुभवको खोजी गर्ने चाहना, चुनौतीहरुलाई जित्ने चाहना, दक्ष हुने, अरुसँग सम्बन्ध स्थापित गर्ने इत्यादि । यस्ता आवश्यकताहरुको पूर्ति आफैंमा सन्तोषपूर्ण हुन्छ र यस्ता पुरस्कारले सिकाइ प्रभावकारी हुन्छ । विद्यार्थीहरुले केही गर्दै, बनाउँदै, लेख्दै, सृजना र समाधान गर्दै सिक्दछन् । निस्क्रियताले विद्यार्थीको अभिप्रेरणा र उत्सुकतालाई घटाउँछ । प्रश्नहरु गर्नुहोस् । विद्यार्थीले केही भन्न सक्छ भन्ने लागेमा पहिले आफूले बताउनुहुदैन। विद्यार्थीहरुलाई समस्या समाधानको बाटो आफैंले पहिल्याउन प्रोत्साहित गर्नुपर्दछ । केही बालबालिकामा आन्तरिक अभिप्रेरणाको कम क्षमता हुन्छ र उनीहरुलाई नियमित सल्लाह दिने एवम् सम्पोषित गर्ने गर्नुपर्दछ । प्रोत्साहनको प्रयोग विद्यार्थीको सन्तुष्टिको अनुभवले सिकाइ नभइन्जेलसम्म प्रयोग गर्नु हुँदैन ।

शिक्षकले विद्यार्थीहरु अभिप्रेरित भएको, मेहनत गरेको वा पाठमा अभिरुचि लिएको जस्तो देखाएमा उनीहरु धेरै हदसम्म त्यस्तै हुनसक्छन् । यसकारण विद्यार्थीलाई पढाउँदा, गृहकार्य दिंदा, छलफल गर्दा, परीक्षा लिंदा यथार्थपरक अपेक्षा राख्नुहोस् । यसैमा शिक्षकले

विद्यार्थीबाट उच्च अपेक्षा राख्नुपर्दछ तर त्यति उच्च पनि हुनुहुन्न । जसबाट विद्यार्थीमा हतासा उत्पन्न होस् ।

लक्ष्य प्राप्त गर्न असफल भएमा यसले हतासा र कुण्ठा निम्त्याउँछ । विद्यार्थीलाई उनीहरुले के उपलब्धि हासिल गरिरहेका छन् त्यतातिर केन्द्रित हुन मद्दत गर्नुपर्दछ न कि गृहकार्य र जाँचमा कति नम्बर प्राप्त भयो भन्नेतर्फ । विद्यार्थीलाई आफ्नो कार्यलाई आफैंले आलोचना गर्दै आफ्नो मूल्याङ्कन गर्न उसका सबल पक्ष र कमजोर पक्षहरुको लेखाजोखागर्नसहयोगगर्नुपर्दछ। विद्यार्थीलाई शिक्षकले के अपेक्षा गरेको छ भन्ने अनुमान गर्ने कुरामा समय खेर फाल्न नदिनुहोस् । तपाईंको विषयमा विद्यार्थीले राम्रो गर्न सक्ने छ भनी विश्वस्त पार्नुहोस् । उनीहरुले सफल हुन के-के गर्नै पर्दछ भन्ने बुझाइदिनुपर्दछ। प्रतिस्पर्धाले उदासिनता ल्याउँछ जसले सिकाइमा बाधा पुऱ्याउन सक्दछ । विद्यार्थीहरुबीच एक आपसमा दाँज्ने व्यवहार घटाउनुहोस् । विद्यार्थीले व्यक्तिगत रुपमा प्रतिस्पर्धाभन्दा सामूहिक भावनाले सिकाइ गरेमा बढी बुझ्ने, बढी जागरुक बन्ने, धेरै काम गर्ने र सिकाइ विधिप्रति सकारात्मक हुने गर्दछन् ।

शिक्षकले उत्साह विद्यार्थीको अभिप्रेरणाका लागि एक अत्यन्त निर्णायक तत्व हो । यदि शिक्षक दिक्क मान्ने वा अनिच्छुक भएमा, विद्यार्थी पनि उस्तै हुन्छ । खासगरी भन्ने हो भने शिक्षकको उत्साह उसको विषयवस्तुमा आत्मविश्वास र अध्यापनमा आत्मीय आनन्द आउने कुरामा भर पर्दछ । यदि तपाईंले शिक्षणमा आनन्द लिनुहुन्छ भने विद्यार्थीहरुले पनि निश्चय नै सिकाइमा त्यसै गर्छन् ।

पहिलो इकाई जाँचमा प्रायः सबैलाई पास हुने मौका दिनुहोस् । एकपल्ट विद्यार्थीहरुमा हामी सफल हुन सक्छौं भन्ने भावना आई सकेपछि कठिनताको स्तर बढाउँदै जानुहोस । यदि परीक्षा र गृहकार्य सम्बद्ध प्रश्नहरु सजिलो र गाह्रो दुवै भएमा प्रत्येक विद्यार्थीले सफलता र चुनौतिको अनुभव गर्ने मौका पाउँछ । विविधताले विद्यार्थीहरुको संलग्नता र अभिप्रेरणालाई पुनः जागृत गर्दछ । अध्यापनमा विविधता ल्याउनुहोस् जस्तै : भूमिका अभिनय, बहस, मस्तिष्क मन्थन, छलफल, प्रदर्शन, घटना अध्ययन, श्रव्यदृष्य प्रस्तुति वा सानो समूह कार्य गरेमा अध्यापनमा नयाँपन आउँछ ।

धेरैजसो विद्यार्थीले इच्छाएको स्तर पाउन आवश्यक सामग्रीको पनि अध्ययन गर्दछन् । यदि तपाईंले जाँचमा कण्ठ गरी लेख्ने प्रश्नहरु निर्माण गर्नुहुन्छ भने विद्यार्थीहरुले कण्ठ गर्ने गर्छन् । यदि तपाईंको परीक्षाले सूचनाहरुको लेखाजोखा र नतिजामा बढी जोड दिएमा विद्यार्थीहरुले त्यसरी नै सिक्ने गर्दछन् ।

कम अंक पाएमा केही विद्यार्थीहरुले मेहनत गरी बढी अंक ल्याउने प्रयास गरेता पनि अरु विद्यार्थीहरुले परीक्षामा बेइमानी, ढिलो कार्य गरी वहाना बनाउने र अन्य नकारात्मक व्यवहार देखाउन सक्छन् । परीक्षण वा जाँचिएका उत्तर पुस्तिकाहरु सकेसम्म चाँडो फिर्ता दिनुहोस् । विद्यार्थीहरुले कत्तिको राम्रो गरेका छन् त्यसबारे जानकारी दिनुहोस् र अझ राम्रो गर्न के गर्नुपर्दछ भन्ने सुझाव पनि दिनुहोस् । उनीहरुले राम्रो गरेका छन् भन्नु नै पुरस्कृत गर्नु हो । किन राम्रो भयो भन्ने व्याख्या पनि गर्नुहोस् अथवा नाम तोकेर जस्तै: "हरिले उठाएका/लेखेका बुँदाहरु हामीले कक्षामा छलफल गरे अनुसारको छ ।"

सकारात्मक वा नकारात्मक दुवै टिप्पणीले अभिप्रेरणालाई प्रभाव पार्दछ । तर विद्यार्थीहरु सकारात्मक पृष्ठपोषण र सफलताबाट बढी प्रभावित हुन्छन् । प्रशंसाले विद्यार्थीको आत्मविश्वास, दक्षता र आत्मसम्मान बढाउँछ । कमै अंक आएपनि मेहनत गरेका छौं । आशा गरेभन्दा राम्रो छ भनी प्रेरित गर्नुहोस् । विद्यार्थीको कार्य कमजोर देखिए पनि विश्वास दिलाउँदै मेहनत गर्दै गएमा राम्रो गर्न सक्छौ भनी ढाडस दिनुपर्दछ ।

विद्यार्थीका व्यक्तिगत विचार, ज्ञान र उपलब्धिहरुलाई कक्षामा आदान-प्रदान गराउनुपर्दछ। विद्यार्थीहरुले दिएका उत्तर पुस्तिका एकपछि अर्कोलाई दिनुहोस्, जसले गर्दा उनीहरुलाई रुचि लाग्ने विषयबारे कसले के लेखे थाहा हुनेछ ।

नकारात्मक पृष्ठपोषण ज्यादै प्रभावशाली हुन्छ र कक्षामा नकारात्मक वातावरण सृजना गर्न सक्छ । जब तपाईं विद्यार्थीको कमजोरी पत्ता लगाउनु हुन्छ, तब सो व्यक्तिको नभई उसको कार्यको अथवा कार्यसम्पादनको कमजोरी हो भनी प्रष्ट पार्नुहोस् । कसैको नकारात्मक टिप्पणी गर्दा उसको सकारात्मक पक्षको प्रशंसा पनि गर्नुपर्दछ । धेरैजसो विद्यार्थीहरु आफ्नो क्षमता र कार्यबारे चिन्तित पनि हुने गर्दछन् । कसरी टिप्पणी गर्ने

भन्नेबारे संवेदनशील हुनुहोस् र प्रत्यक्ष रुपमा उनीहरुमा अपूर्णताको भावना आउने टिकाटिप्पणी गर्नुहुदैन ।

कुनै कुनै शैक्षिक परिस्थितिमा उच्चस्तरको दबाब आउने गर्दछ । यदि चिन्ता तीव्र हुन थालेमा आफ्नो वरिपरि के कस्तो भइरहेछ भन्ने बारेको दृष्टिकोण सीमित हुनसक्छ । शिक्षकले चिन्ता के हो र सिकाइमा त्यसको के प्रभाव पर्छ भन्ने बारे थाहा पाउनुपर्छ । विद्यार्थीमा अस्पष्ट र अयथार्थ लक्ष्यहरु राखी उनीहरुमा चिन्ता र असुरक्षाको भावना ल्याउन हुँदैन ।

### ४.११ बालमैत्री सिकाइका तरीकाहरु

बालबालिकाहरुलाई राम्रो नराम्रो व्यवहार उनीहरु आफैँबाट हैन अभिभावक, परिवार, शिक्षक,समाज तथा साथिहरुबाट सिक्दछन् । तसर्थ सर्वप्रथम उसलाइ प्रभाव पार्ने समाज तथा व्यक्तिहरुले नै आदर्श Role model को रुपमा सकारात्मक रुपमा प्रस्तुत हुन पर्दछ ।

बालबालिकासँग उनिहरुको वानि व्यहोराका बारेमा कुराकानी गर्दा सकारात्मक तथा सभ्य भाषाको प्रयोग गर्नुपर्दछ । आवश्यक परेको अवस्थामा मलाइ माफ गर, मैले बिराएँ,वा म यसो गरौं जस्ता लवजहरु प्रयोग गर्नुपर्दछ । आफ्ना छोराछोरीको लागि बोली,व्यवहार तथा काममा तपाँईले आफैँ नमूना व्यक्ति बन्ने प्रयास गर्नुपर्दछ ।

बालबालिकाहरुलाई भोलि आफू के वन्ने वा हुने लक्ष्य निर्धारण गराउनु पर्दछ । र त्यस लक्ष्यमा पुग्न आजै देखि के गर्न सकिन्छ ? वालबालिकासँगै छलफल गरि बसेर राम्रा बानी व्यहोराको छलफल गर्नुपर्दछ र सो सम्बन्धमा नियमहरु बनाएर आपसमा सहमत हुनुपर्दछ । नियम सकारात्मक लेख्नुपर्दछ । तर, त्यस्ता नियमहरु संस्थामा थोरै हुनुपर्दछ, तर्कसंगत र बालक वा बालिकाको उमेर अनि उसको शारिरिक र मानसिक (विकास) क्षमता अनुरुपको हुनु पर्दछ ।

बालक वा बालिकासँग कुनै नियमको तर्क वितर्क गर्ने वा उसलाई वजर्जस्ती मान्न वाध्य पार्न गर्नुहुदैन । यदि नियमहरुको पालना नभएमा वा नगरिएमा सो वालक वा वालीकालाइ (सहमत भएका) ती नियमहरु सम्झाउनुपर्दछ । त्यसैगरी नियम पालना नगर्दा हुने परिणाम पनि उसलाई सम्झाउनु पर्दछ । तपाईले कुनै कुरा भन्दा वा अराउँदा सामान्य आवाजमा बोल्नुपर्दछ र त्यसो गर्दा बढीमा ३ पटकसम्म मात्र दोहोऱ्याएर भन्नुपर्दछ ।

वालबालिकालाई सजायँ दिनुभन्दा उनीहरुलाई सिकाउन पहल गर्नुपर्दछ । अनुशासन तथा पढाइको विषयलाई लिएर दिइने शारीरिक सजायको लक्ष्य वालबालिकालाई राम्रो अर्थात स्वीकार्य व्यवहार सिकाउनु तथा सिकाइमा प्रगति गराउनु हो । वरु उसले उनिहरुलाई गलत रुपमा त्यसो गर्नु उनिहरुको अधिकार हो भन्ने कुरा सिकाउँदछ । पिटनु अर्थात पिटाइ खानु भनेको समस्याको निकास हो र पिटाइ खान हिम्मत गरेमा जे भएपनि हुन्छ भन्ने भावना विकास हुनसक्छ ।

बालवालीकाका अप्रिय वानी,व्यवहार तथा मन्द सिकाइ वा त्रूटीहरुलाई अन्जानमा भएको कार्यको रुपमा लिई मानविय गल्ती Human error को रुपमा बुझ्ने वा बुझाउने गर्नुपर्दछ र फेरी यस्तो हुँदैन भन्ने पार्नुपर्दछ । त्यसो भएमा राम्रो बानी व्यहोरा सिकाउने उपायहरुको खोजी गर्न  सजिलो हुन्छ । केही छैन, अर्को पटक यो भन्दा राम्रो गरौँला भन्दै सम्झाउनु पर्दछ ।

प्रोत्साहन तथा हौसलाले वालबालिकालाइ राम्रो व्यवहार गर्न, नयाँ कुराहरु सिक्न सञ्जिवनीको काम गर्दछ । तसर्थ कुर्नपनि बालवालीकाहरुले (प्रगति नगरेका, भनेको नमान्ने भनिएका) राम्रो वानी व्यहोरा देखाएको, राम्रो काम गरेको वा प्रयास गरेको अवसरहरु खोज्नुपर्दछ र त्यसबेला उसको खुलेर प्रशंसा गर्नुपर्दछ, स्याबासी दिनु पर्दछ र फेरि पनि यस्ता कार्य गर्न प्रोत्साहन दिनुपर्दछ ।

जहाँसम्म सम्भव छ, नराम्रो बानी व्यहोरालाई त्यसबाट (अल्प र दीर्घकालमा) निस्कने परिणामसँग गाँसेर वालक वा बालिकालाई थाहा दिनुपर्दछ । यदि कुनै बालबालिकाले कसैको भावनामा चोट पुर्‍याउछ भने उसले उक्त व्यक्तिसँग माफ

माग्नुपर्दछ, आफ्ना कामको पश्चाताप गर्नुपर्दछ । यदि कुनै बालक वा बालिकाले सरसामान छरपस्ट पार्दछ भने उसले त्यसलाइ उचित ठाउँमा राख्नुपर्दछवा त्योठाउँ सफ गर्नुपर्दछ।नराम्रा बानी व्यहोराका परिणामको बालबालिकालाई विबेकसम्मत रुपमा उसले स्पष्ट रुपमा बुझ्ने गरी देखाइदिनुपर्दछ ।

यदि तपाई एकै बालक वा बालिकाको धरै बानी व्यहोरामा चिन्तित हुनुहुन्छ भने ती सबैलाइ एकैचोटी बदल्ने प्रयास गर्नुहोस यहानिर सिङगै बालक खराव हुँदैन, वालकको कुनै एक व्यवहार अस्विकार्य हो भन्ने सम्झनुपर्दछ । तसर्थः सो वालक वा बालिकालाइ किन उसको खास बानी व्यहोरा समस्या भएको हो विस्तृत रुपमा व्याख्या गरिदिनुहोस । नराम्रो व्यवहार बाट हुने परिणामको जानकारी गराउनुहोस र बालक वा बालिकाले कुनै राम्रो बानी व्यहोरा देखाएमा त्यसको खुलेर प्रशंसा गर्नुपर्दछ ।

साना शिशुहरुले तपाइलाइ मन नपर्ने वा नचाहेको किसिमका व्यवहारहरु प्रदर्शन गरेमा उसको ध्यान त्यसवाट हटाउने वा त्यस अवस्थाबाट उसलाइ पर हटाउने काम गर्नुहोस । साथै त्यस कार्यलाइ अन्य कार्यमा रुपान्तरण गर्न सकिन्छ । तर साना शिशुहरुले ठीक वा बेठिक छुट्याउन नसक्ने भएकोले उनीहरुलाइ पिट्ने वा झाङ्गलझुङ्गल पार्ने गर्नु हुँदैन ।

सवै बालबालिकाहरु समान क्षमता,रुचि र सिकाइका तरिका समान हुँदैन जसलाई हामी व्यक्तिगत भिन्नता (Individual differences) भन्दछौं । तसर्थ कुनै बालबालिकाले सिकेका छैनन् वा गलत सिकेका रहेछन् भने कही गल्ती हामीबाटै भयो कि भनेर हामी आफैलाई पनि हेरौं । यस्तो अवस्थामा यदि विद्यार्थीले सिकेका रहेनछन् भने शिक्षकले सिकाएका छैनन् भने परीक्षामा शिक्षक फेल हुन्छन विद्यार्थी हैन ।

बालबालिका सिकाउने क्रममा सिकाइलाइ प्रभाव पार्ने धेरै तत्वहरुलाई मध्यनजर राख्न सकिन्छ तथा आफुले लागु गरेको प्रकृया, विधि, समयलाई कहाँनिर त्रुटि भएको छ भनेर केलाउन सकिन्छ । विभिन्न बालकलाई सिकाइ मनोविज्ञान अनुसार सकृय सहभागिताका साथ स्तरअनुसार सिकाइ, खेल विधि, घटना अध्यापन विधि, नाटक, निरीक्षण

विधि, शिक्षण सामग्रीको सबै ज्ञानेन्द्रिय हरुको Sitmulate हुने गरी प्रचुर मात्रामा शैक्षिक सामाग्रीको प्रयोग, easy to complex, whole to part, general to specific, practical to theory, समुह विधि, peer learning, each one teach one, निरन्तर अनुगमन जस्ता भिन्न भिन्न विधि लागु गर्नुपर्दछ ।

## ४.१२ दण्डरहित तथा बालमैत्री शिक्षण सिकाइले पारेको प्रभाव

यस शोधपत्र पुरागर्ने क्रममा नमूना छनोटमा परेको श्री प्रभात उच्च मा.वि. माथिल्लो रानीवास, सिन्धुलीमा कक्षा ३ सम्म दण्डरहित तथा बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप संचालन गरिएको पाइयो । जसअनुसार दण्डरहित तथा वालमैत्री शिक्षण सिकाइले पारेको प्रभावलाई यसरी प्रस्तुत गरिएको छ ।

सजायको डरले वा अन्य सहपाठीहरुबाट घृणा हुन सक्ने डरले वोल्न, खेल्न र खुलेर पढ्न सिक्न नसक्ने वालवालिकाहरु वालमैत्री सिकाइ  क्रियाकलापमा दिल खोलेर भाग लिने गर्दछन् । साथीहरु वा शिक्षकहरुबाट कुनै प्रकारका भेदभाव घृणा र थिचोमिचो नहुने हुनाले आफुले चाहेका कुराहरु स्वस्फुर्त अभिव्यक्ति गर्दछन् । आवश्यक लागेका कुराहरु निर्धक्क साथ सोध्न सक्दछन् । हाँस्ने, खेल्ने नाँच्ने, गाउने परिवेश प्राप्त भएपछि वालवालिकामा पढाइको बोझ महसुस नहुने र रमाइलो गर्दागर्दै धेरै कुराहरु सिक्ने भएकाले सिकाइमा सक्रियता देखियो ।

पढाइ लेखाइ बाहेक कक्षाकोठाभित्र विभिन्न प्रकारका खेल र सह कृयाकलाप एवम् अतिरिक्त क्रियाकलाप हुने भएकाले वालवालिकामा सिर्जनात्मक शीपको विकास भएको छ । बालवालिकाहरु एक अर्कामा घुलमिल हुने, शिक्षकहरुसँग सजिलै प्रतिक्रिया गर्न सक्ने भएकोले एकअर्कामा सहयोग गर्ने बानीको विकास भएको छ । साथीत्वको भावनामा राम्रो विकास हुने गरेको छ । बालमैत्री कक्षा कोठामा शैक्षिक सामग्रीको पर्याप्तता हुने भएकोले आफुले प्रयोग गरेका सामग्री निर्माण गर्न सक्रिय भएका छन् ।बालबालिकालाई परीक्षा नलिई उनीहरुले व्यक्त गरेका क्रियाकलापको आधारमा दैनिक मूल्याङ्कन हुने उक्त मल्याङ्कनको आधारमा श्रेणी निर्धारण एवम् उत्तिर्ण अनुतीर्ण सम्बन्धी निर्णय हुने भएकोले परीक्षाको त्रासबाट मुक्त भएका छन् ।

# परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति

यो अध्यनको उद्देश्य अनुसार छनौटमा परेका विद्यालय र जनसंख्या सँग प्रत्यक्ष स्थलगत रुपमा अवलोकन गर्दा विद्यालयहरुमा दण्ड रहित तथा वालमैत्री सिकारको वारेमा जति सुके तालिम, गोष्ठी सेमिनारहरु संचालन भएतापनि व्यवहारिक रुपमा कक्षा कोठामा वालमैत्री शिक्षण सिकार हुन सकेको पाइएन । विद्यालयमा मात्र होइन आफ्नै घरमा पनि वालवालिकाहरुले दण्ड सजाय भोगी रहेका छन् । अभिभावकहरुमा वाल अधिकार प्रति र दण्ड सजाए वाट हुन सक्ने नकरात्मक प्रभावहरुबारे चेतना नभएको कारण वालवालिकाहर सजायको भागी बनेका हुन् ।

विद्यालय कक्षा एवं बसाइ व्यवस्थापन बालमैत्री पाइएन । शिक्षकहरुबाट बालबालिकाहरुलाई दण्ड सजाएर गरिएको पाइयो । अधिकांश शिक्षकहरुले वालमैत्री शिक्षण सिकार सम्वन्धि तालिम लिएको पाइयो तर शिक्षण विधि र क्रियाकलापमा खासै परिवर्तन भएको पाइँदैन । विद्यालयमा वालवालिकाहरुले गृहकार्य तथा कक्षा कार्य नगरेको शिक्षकहरुले भनेको नमानेको साथिसाथि विच झगडा गरेका कारण वढी सजाए पाएका छन् । वि.व्य.स. अभिभावकहरुवाट पनि विद्यालयको वातावरण वाल मैत्री वनाउन चासो देखाएको छैन । विद्यालयको भौतिक अवस्था पनि पूरानै शैलीको छ । खानेपानी, शौचालय तथा खेल मैदानको व्यवस्था राम्रा छैनन् । खाखगरी खानासाना वालवालिकाहरु विद्यालयमा चासो वाहिर रहेका छन् । उनीहरुका अधिकार र विज्ञानले स्थान पाउन सकेको छैन । कक्षा कोठामा उनीहरु क्रियाकलाप र चाहनाहरु मान्न वाध्य छन् । आफ्नो चाहना अनुसार क्रियाकलाप र चाहनाहरु मनभित्रै सिमित रहेको छ । स्वास्थ्य सम्वन्धि ज्ञान पटक्कै छैन । नैतिकता र सभ्यता वालवालिकाको सोच भित्र रहन सकेकै छैन । कक्षा कोठामा वाल हेरचाह तथा सुरक्षाको कुनै व्यस्था गरिएको छैन । प्र.अ. शिक्षक सँग सानासाना वालवालिकाको होदोर भएको छैन । भरखरै Plan Nepal भन्ने संस्थाको अनुवाइमा केही विद्यालयमा वाल मैत्री सिकाइ सम्वन्ध जागरण कार्यक्रम संचालन भएको पाइयो ।

## ५.२ निष्कर्ष

नेपाल शिक्षा क्षेत्र खासगरी सामुदायिक विद्यालय विभिन्न खालका समस्याले गर्दा क्षेत्रग्रस्त छ । धेरै लामा समय देखि सामुदायिक विद्यालयका गुणस्तर खस्केकै हो । हिजो आज नीति क्षेत्रमा स्थापना भएका विद्यालयहरु प्रत्येक दिन रित्तिदै गइरहेको छ। सामुदायिक विद्यालयको गुणस्तर प्रति अभिभावक विश्वास छैन । स्वयं शिक्षकहरुले पनि आफ्ना वालवालिकाहरुलाई सामुदायिक विद्यालयमा पढाएका छैनन् । त्यसले पनि विद्यालयको शैक्षिक गुणस्तरलाई प्रमाणित गरेको छ । बालबालिकाहरु विद्यालयमा आउन चाहदैनन् आएमा पूर्ण समय विद्यालयमा वस्न सक्दैनन् । विद्यालयमा विद्यालय विचमा छाड्ने दर घट्न सकेको छैन । शिक्षण सिकाइका पहिलो सर्त भनेको सिकारु हो । उत्सुक जिज्ञासु अभिप्रेरीत र सिक्नुको लागि तयार सिकारुवाट मात्र शिक्षण कार्य प्रभावकारी हुन सक्छ र प्रभावकारी शिक्षण सिकाइवाट मात्र गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिन्छ । त्यसैले वालवाललिकालाई विद्यालयमा टिकाइ राख्न पूरा समय विद्यालयमा बिताउन विद्यालयको वातावरण रमणिय, दण्ड, रहित, शिकारु केन्द्रि, शिकारु, स्वतन्त्रता र बालमैत्री हुनु जरुरी छ ।

विद्यालय वालवालिका लागि दोस्रो घर हो । सानासान वालवालिकाहरु घरमा मायालु वातावरण रहने हुनाले विद्यालयमा पनि उनीहरु सोही अनुसारको वातावरण चाहन्छन् । खान पाउनु पढ्नपाउनु, वाँच्न पाउने, खेल्न पाउनु, रमाइलो गर्न पाउनु स्वतन्त्रता पूर्वक आफुलाइ मनलागेको कुरा व्यक्त गर्न पाउनु, वाल अधिकार भित्र पर्ने कुरा हुन । त्यसैले विद्यालयमा सिक्ने, सिकाउने क्रममा कुनै प्रकार यातना, दण्ड, सजाय, भय, त्रासको वातावरण सिर्जना हुनु हुदैन । विना दण्ड, सजाय रमाउदै, नाच्दै, खेल्दै, हाँस्दै नजानीदो किसिमले उनीहरुलाई शिक्षण सिकाइमा सहभागी हुने अवसर प्रदान गर्नु पर्दछ । हरेक विद्यालयको भौतिक व्यवस्थापनदेखि लिएर सम्पूर्ण शिक्षण बालबालिकाहरु निर्धक्क आफ्ना कुराहरु भन्न सक्छन् शोधेर पढ्न सक्छन् शिक्षक विद्यार्थीको सम्वन्ध सुमधुर हुन सक्छ । शिक्षकहरुले प्रत्येक वालवालिकालाई बाहिरी रुपमा मात्र होइन । मनोवैज्ञानिक रुपमा बुझ्न सक्छन् र सोही अनुसार शिक्षण सिकाइ विधि प्रयोग गर्न सक्छन्. जसको माध्यमवाट हरेक वालवालिकाहरुले सहज रुपमा गुणस्तरीय शिक्षा प्राप्त गर्न अवसर पाउन सक्छ ।

### ५.३ सुझावहरु

वास्तवमा यो अध्यनको एउटा उद्देश्य विद्यालयहरुमा दण्ड रहित तथा वालमैत्री शिक्षण सिकाइको अवस्था पत्ता लगाइ त्यस सम्वन्धि अभिप्रेरित गर्नु पनि हो । यो अध्ययनको क्रममा देखिएका कमि कमजोरीलाई सुधार गदै आगामी दिनहरुमा सवै विद्यालयमा दण्डरहित तथा वालमैत्री शिक्षण सिकाइको वातावरण सिर्जना गर्न सके पक्कैपनि हालको शैक्षिक गुणस्तरको अवस्थामा सुधारका संकेतहरु प्राप्त हुनेछन् । शिक्षामा सुधारर गर्नको लागि एक पक्षले मात्र चाहेर सम्भव हुदैन । सवै सरोकारवालाहरुले एक भएर लागि परेमा मात्र लक्ष्य प्राप्त गर्न सकिन्छ । त्यसैले विद्यालयमा दण्डरहित तथा वालमैत्री सिकाइ वातावरण कायम गर्नको लागि नितिगत तह, कार्यान्वयन तह, अनुगनम तह तथा अनुसन्धान तहमा गर्नुपर्ने कार्यलाई सुझावको रुपमा तल प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

दण्डरहित तथा बालमैत्री शिक्षण सिकाई कार्य कुनै एक पक्षको भुमिकाले पूरा हुन सक्दैन । त्यसैले यस विषयमा वि.व्य.स. अभिभावक, शिक्षक तथा विद्यार्थीहरुमा सचेत गराउन सकेमा र प्रभावकारी अनुगमन हुन सकेमा विद्यालयमा दण्ड  रहित तथा वाल मैत्री शिक्षण सिकाइ सम्भव हुन्छ। विद्यालयमा दण्ड रहित तथा वालमैत्री शिक्षण सिकाइ वातावरणको सिर्जना गर्नको लागि सरकारको शिक्षानिति नै त्यसप्रति हक्षित हुनु पर्ने देखिन्छ । विद्यालय शिक्षामा वाल अधिकार, दण्ड असरहरु र दण्डविना वालमैत्री विधिद्धारा कक्षाकोठा कसरी शिक्षण कार्य गर्न सकिन्छ भन्ने विषयमा निति, नियम एवं मानांक निर्माण गरी तालिम, गोष्ठी, सेमिनार कार्याशालको माध्यमवाट सम्पूर्ण सरोकारवालाहरुलाइ सचेत गराउनु पर्ने देखिएको छ । नितिगत रुपमा वाध्यात्मक परिस्थितिको सिर्जना भएपछि भए कार्यान्वयन तहमा कार्यक्रमले मूर्त रुप लिन सक्छ । विद्यालय वि.व्य.स. , शिक्षक, विद्यार्थी अभिभावकको संलग्नता संचालन तथा व्यवस्थापन हुने भएकाले सवै पक्षलाई वालमैत्री शिक्षण सिकाइमा सहभागी भइ शसक्त भूमिका निर्वाह गर्न नितिगत रुपमा नै समेट्नु पर्ने देखिन्छ ।

### ५.३.२ कार्यान्वयन तह

निति निर्माण गर्नु मात्र सवै कुरा होइन निति अनुसार कार्यान्वयन हुन सकेन भने उक्त योजनाले मूर्त रुप लिन सक्दैन । त्यसैले दण्ड रहित तथा वालमैत्री शिक्षण सिकाइको

लागि निर्माण गरिएको योजना निति नियम अनुसार कार्यान्वयन हुन सक्यो वा सकेन, कार्यान्वयन भएका भए कस्ता सकरात्मक प्रभाव पर्‍यो वा कार्यान्यन नभए के कति कारणले हुन सकेन भन्ने विषयमा कडा अनुगमनको समेत व्यवस्था गरिनु पर्दछ । यो योजना केवल एक पक्षको मात्र पहल र भप्रभाव पार्न सक्छ ।

**५.३.३ अनुसन्धान तह**

यो अध्यन निश्चित र सिमित उद्देश्यको लागि मात्र तयार गरिएको हो । यसले नेपाल सवै शिक्षा क्षेत्र तथा विद्यालयलाई समेट्न सक्दैन । शिक्षा क्षेत्र सवैको चासोको क्षेत्र भएकोले सम्भव हुँदा सम्म यो शिर्षकमा वृहत छलफल, गोष्ठी सेमिनार गरि राष्ट्रिय तह देखि नै अनुसन्धानको मुख्य क्षेत्र बनाउन सके नेपालको शैक्षिक गुणस्तरमा राम्रो प्रभाव पर्न सक्छ ।

यो अध्यनले शिक्षा क्षेत्र देखिनै थुप्रै समस्याहरुको उजागर गर्ने छ । यो शिक्षिण गुणस्तरमा प्रभाव पार्न सक्ने एउटा शसक्त विधि हो । यो शिर्षकमा भएको अनुसन्धानले निति निर्माण तह देखि कार्यान्वयन तह सम्मका जनशक्तिलाई एकै ठाउँमा समावेश गरी शिक्षा विकासको लागि उत्तम विकल्पहरुको खोजी गर्न सक्छ । सामुदायिक विद्यालयमा देखिएको न्यून विद्यार्थी सङ्ख्या उच्च विद्यालय छाडने दर, न्यून सिकाइ उपलव्धि जस्ता समस्याहरु दण्डरहित तथा बालमैत्री शिक्षण सिकाइको माध्यमवाट समाधान गर्न सकिने हुनाले अनुसन्धान तहमा यस विषयले स्थान पाउन सके शैक्षिक गुणस्तरमा राम्रो टेवा पुग्न सक्ने देखिन्छ ।

# सन्दर्भसामग्री


अवस्थी, जीवन (२०६७), *बालमैत्री विद्यालयको वातावरण,* शिक्षक मासिक, २०६७ वैशाख ।

*गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६८),* भक्तपुरः शिक्षा विभाग ।

*नेपाल अधिराज्यको संविधान* (२०४७), काठमाडौँः मकालु बुक्स ।

*प्राथमिक शिक्षकहरुको लागि भयरहित सिकाइ तथा शैक्षिक सामग्री निर्माण र प्रयोगसम्बन्धी हाते पुस्तिका* (२०६९), जिल्ला शिक्षा कार्यालय, सिन्धुली ।

*विद्यालय क्षेत्र सुधार कार्यक्रम* (२०६७) काठमाडौँः शिक्षा मन्त्रालय ।

*बालमैत्री विद्यालय र बालकेन्द्रित सिकाइ* (२०६६) प्लान नेपाल ।

*बालअधिकारी सम्बन्धी महासन्धि* (१९८९), न्युयोर्कः यु.एन. ।

*भयरहित शिक्षण सिकाइ* (२०६९), प्लान नेपाल ।

*शिक्षकको पेसागत विकास तालिम कार्यान्वयन पुस्तिका* (२०६६), काठमाडौँः शिक्षा मन्त्रालय ।

शिक्षा विभाग (२०६७), *बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप,* भक्तपुरः शिक्षा विभाग ।

शिक्षा विभाग (२०६७), *बालमैत्री विद्यालय तालिम स्रोत सामग्री पुस्तिका,* भक्तपुरः शिक्षा विभाग ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६७), *बालमैत्री सिकाइ,* शिक्षक मासिक, साउन ।

सापकोटा, बालकृष्ण (२०६९), *मन्टेश्वरी सिकाइ,* शिक्षक मासिक, कार्तिक ।

# अनुसुची : १

उत्तरदाताको नामवली

प्रधानाध्यापकहरु

| नाम | बिद्यालय | तह | योग्यता |
|---|---|---|---|
| अरुण कुमार थिङ | श्री प्रभात उ.मा.बि. रानीवास | मा.शि. तृतिय | एम.एड. |
| रबिन्द्र कुमार साह | श्री जनता उ.मा.बि. रानीवास | नि.मा.शि.द्बितिय | आइ.एस.सी. |
| यादब सुबेदि | श्री ज्ञानज्योति नि.मा.बि. काउछे | प्रा.शि.द्बितिय | एस.एल.सी. |
| शम्भु परियार | श्री प्रा.बि.खोरिया | प्रा.शि.तृतिय | एस.एल.सी. |

श्री प्रभात उच्च मा.बि. माथिल्लो रानीवास बिद्यालय ब्यबस्थापन समितिका पदाधिकारीहरु :

| क्र.स. | नाम,थर | पद | ठेगाना |
|---|---|---|---|
| १. | श्री उज्ज्वल प्रसाद बराल | अध्यक्ष | रानीवास १ |
| २. | श्री सुदर्शन दाहाल | सदस्य | रानीवास २ |
| ३. | श्री केशर बहादुर कार्की | ,, | रानीवास ९ |
| ४. | बृहस्पति पौडेल | ,, | रानीबास ३ |
| ५. | तेज ब. खपाड.गी | ,, | रानीवास ४ |
| ६. | टेक ब. माफ्की | ,, | रानीवास २ |
| ७. | सोमती सार्की | म.,, | रानीवास १ |
| ८. | नर ब. मगर | ,, | क.न.पा. १४ |
| ९. | अरुण कुमार थिड. | स.सचिव | क.न.पा. ६ |

# अनुसुची : २

**प्रधानाध्यापकलाई सोधिएका प्रश्नहरु**

१ तपाइको विद्यालयमा विद्यार्थीलाइ सजाय दिइन्छ ?

२ शिक्षकहरुमा वालअधिकार सम्बन्धि चेतनाको अवस्था  कस्तो छ ?

३ सजायवाट कस्ता प्रभाव परेको छ ?

४ तपाईको बिचारमा विद्यालयमा सजाय दिन जरुरी छ ?

५ सजायको वारेमा अभिभावकहरु के भन्दछन् ?

६ वालमैत्री सिकाईको वारेमा थाहा छ ?

७ कक्षाकोठा बालमैत्री छन् ?

८ वसाई व्यवस्थापन कस्तो छ ?

९ वि.व्य.स.ले सहयोग गरेको छ ?

१० वालवालिकालाइ दण्ड दिनु उचित हो ?

**अभिभावकलाई सोधिएका प्रश्नहरु**

१ तपाइका वालवालिकाहरु पाठशाला जान रुचाउछन् ?

२ विद्यालयमा दण्ड सजायको प्रयोग हुन्छ ?

३ वालवालिकालाइ दण्ड दिनु राम्रो हो ?

४ विद्यालयमा विद्यार्थी बिच द्वन्द हुन्छ ?

५ वालवालिकाको सिकाई उपलव्धि वारे जानकारी छ ?

६ शिक्षकहरुको व्यवहार कस्तो लाग्छ ?

७ वालमैत्री सिकाइ वारे जानकारी छ ?

८ शिक्षकहरुले कसरी पढाउछन ?

**वि.व्य.स. पदाधिकारीलाई सोधिएको प्रश्नहरु**

१ वालमैत्री सिकाइ वारे जानकारी छ ?

२ वालमैत्री सिकाइ शुरु गर्नुभएको छ ?

३ विद्यार्थीलाइ सजाय दिनु राम्रो हो ?

४ विद्यालयमा वालअधिकार कायम हुनुपर्छ ?